गाउँपालिका अध्यक्ष श्री ओज बहादुर बुढाथोकी ज्यूले

गाउँसभामा प्रस्तुत गर्नुभएको

छत्रेश्वरी गाउँपालिका २०८३/०८४ को

# नीति तथा कार्यक्रम

**गाउँसभाका सदस्य ज्यूहरु,**

पुर्व जनप्रतिनिधी ज्युहरु ,राष्ट्रसेवक कर्मचारीहरु शिक्षक बर्ग बुद्धिजीवि किसान ब्यवसायी पत्रकार यहाँ उपस्थित सम्पुर्ण महानुभावहरु साथै सामाजिक संजाल, विभिन्न माध्यमबाट सुनेर हेरेर बस्नुहुने सम्पुर्ण युवा वर्ग, छत्रेश्वरीबासी आमावुवा ,दाजुभाई तथा दिदिबहिनिहरु,

- नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ वमोजिम दोस्रो कार्यकालमा निर्वाचित पाँचौ आर्थिक बर्षको नीति तथा कार्यक्रम यस गरिमामय छत्रेश्वरी सभामा सभाको अध्यक्षको हैसियतले पेश गर्न पाउँदा गौरवको महसुस गरेको छु।
- यस अवसरमा संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना दिगो तथा संस्थागत विकास गर्नको लागी नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन सशस्त्र युद्ध, नव युवाले सुशासन र पारदर्शिताको लागि गरेको आन्दोलन लगायत सबै - किसिमका गौरवपुर्ण आन्दोलनको स्मरण गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको सार्वभौमिकता, भौगलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता,स्वाभिमान, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका विभिन्न जनआन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने शहीदहरुप्रति उच्च सम्मान प्रकट गर्दै हार्दिक भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु।साथै, घाइते, बेपत्ता योद्वाहरुको त्याग, तपस्या र बलिदान तथा अग्रजहरुको अतुलनीय योगदानको उच्च सम्मान प्रकट गर्दछु।
- नेपालको संविधानले संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना तीन तहको सरकार हुने व्यवस्था गरे अनुसार संविधान वमोजिम तीनै तहले राज्य शक्तिको प्रयोग गर्ने व्यवस्था रहेको छ। तसर्थ संवैधानिक तथा कानुनी ब्यबस्था अनुरुप छत्रेश्वरी गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रही आवधिक तथा बार्षिक योजना, नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गर्दै आएको कुरा सबैलाई स्मरण गराउन चाहन्छु।
- संघीयताको वास्तविक अनुभूति जनताको निकट भई सेवा, विकास र सुशासन प्रवर्द्धन गर्नु हो। यसका लागि छत्रेश्वरी गाउँपालिका नागरिकमैत्री सेवा प्रवाह, जनताको मागमा आधारित विकास ब्यबस्थापन र सामाजिक न्याय सहितको समृद्धि हासिल गर्न दृढ प्रतिबद्ध रहेको छ।स्थानीय तहको दोस्रो कार्यकालको पाँचौ बर्षको नीति तथा कार्यक्रम मार्फत म बनाउँछु मेरो छत्रेश्वरीको सपना साकार पार्न हाम्रो गाउँपालिकाको न्युन स्रोतले भ्यायसम्मका कुनै कसर बाँकी नराखे संकल्प पेश गर्न चाहन्छु।
- नेपाल सरकारको १६ औं आवधिक योजनाले लिएका लक्ष्य र उदेश्यहरु दिगो विकासका लक्ष्यहरु, कर्णाली प्रदेश सरकारको आवधिक योजना र छत्रेश्वरी गाउँपालिकाको पहिलो पञ्चबर्षिय आवधिक योजना, मध्यमकालीन खर्च संरचना, आ.व २०८३/८४ को संघ तथा प्रदेशको नीति तथा कार्यक्रम र बजेटले मार्गनिर्देश गरेका लक्ष्यहरु विभिन्न समयमा विषयगत समितिले दिएका सुझावहरु कार्यन्वयन गर्ने प्रतिबद्धता सभा समक्ष पेश गर्दछु।
- आर्थिक वर्ष ०७८/७९ देखी नै संघीय समानीकरण अनुदान तथा राजस्व बाँडफाड बाट प्राप्त हुने आय र पालिकाको आफ्नै आन्तरिक स्रोतबाट प्राप्त राजस्व कमजोर हुँदा चाहे जति आयोजना तथा कार्यक्रमहरु कार्यन्वयन गर्न नसकिएको यथार्थता सभामा पेश गर्न गर्दछु।पालिकाको कमजोर आर्थिक अवस्था तथा न्युन आन्तरिक आय हुँदा पनि गाउँपालिकाले शिक्षा, स्वास्थ्य, कृषि र पशु,सडक,खानेपानी तथा सरसफाई,सिँचाइ सामाजिक सुरक्षा तथा संरक्षण, विपत ब्यवस्थापन, काम र रोजगारी,सार्वजनिक सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण

तथा पारदर्शिता, सुशासन र विधिको शासन, विकास ब्यवस्थापन, बेरुजु न्युनीकरण लगायतका क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गरेको ब्यहोरा सूचित गर्दछु। जसलाइ क्षेत्रगत रुपमा पेश गर्दछु।

## (क)आर्थिक विकास

| क्षेत्र | प्रमुख उपलब्धिहरु |
|---|---|
| कृषि | • मौरी खेती विस्तारका लागि ५० प्रतिशत अनुदानमा १४ वटा कृषि फर्म तथा समूहरुलाइ ४१ वटा मौरी घारहरु वितरण गरिएको छ। ९ जना ब्यावसायिक किसानहरुलाइ मिनिटिलर वितरण गरिएको छ।<br>• १० जनालाइ कृषि औजार मर्मत सम्वन्धी १५ दिने तालिम प्रदान गरिएको जसले गर्दा कृषि कर्म गर्दा सानातिना मर्मत सम्भार सजिलै गर्न सकिने भएको छ।<br>• युरिया डिएपी जस्ता मलहरुको कोटा निर्धारण भइ किसानहरुलाइ सुलभ मूल्यमा प्रदान गर्नका लागि मूल्य निर्धारण गरिएको छ।<br>• आकस्मिक बाली संरक्षण कार्यक्रम अन्तर्गत १३१ घरधुरीको खेतीबालीमा किटनाशक तथा ढुसीनाशक औषधी वितरण गरिएको छ।<br>• तरकारी बाली प्रवर्धन कार्यक्रम अन्तर्गत रायो, मुला, धनिया, सिमि, बोडी, भिन्डी, काक्रा र चम्सुर २७०० घरधुरी वितरण गरिएको छ।<br>• २५० घरधुरीमा च्याउ खेती प्रवर्धनका लागि ४४६ प्याकेट च्याउको विउ वितरण र सोसम्वन्धी तालिम संचालन गरिएको छ।<br>• कृषि ब्यवसाय प्रवर्धन ऐन हिउँदे गाउसभाबाट छलफल भइ पारित भएको छ।<br>• फलफुल प्रवर्धन कार्यक्रम अन्तर्गत १३८ घरधुरीमा सुन्तला बगैचा ब्यवस्थापनका लागि २८३ केजी चुना र २८० केजी निलोतुथो वितरण गरिएको छ।<br>• जैविक बिषादी सुक्ष्म खाद्य तत्व तथा जैविक सामाग्री वितरण गरिएको छ।<br>• माटो परिक्षणका लागि माटोको नमुना संकलन सम्वन्धी तालिम सम्पन्न भएको छ।<br>• २५१७० पशुपंक्षीको उपचार गरिएको छ। गाइ भैसी कुखुरा र बंगुरमा ८०० डोज रेविज खोप लगाइएको छ।<br>• ३७३ हेक्टर क्षेत्रफल जमिनमा सिँचाइ सुविधा पुर्याइएको छ।<br>• पशुपंक्षी सेवाको लागि अत्यावश्यक औषधी खरिद गरी निशुल्क रुपमा पशुपंक्षीको उपचार गरिएको छ। गाइभैसी प्रवर्धन कार्यक्रम अन्तर्गत गोठ सुधार तथा दुग्धजन्य पदार्थ प्रवर्धनका लागि कार्यक्रम संचालन गरिएको छ। |
| उद्योग वाणिज्य | • लघु उद्यम विकास सम्वन्धी २६ जनालाइ ब्यावसायिक सचेतना कार्यक्रम संचालन गरिएको छ।<br>• वाणिज्य तर्फका ४६ वटा र उद्योग तर्फका ११ वटा ब्यवसायहरुको दर्ता तथा नवीकरण गरिएको छ। |
| पर्यटन | • वडा नं ५ जारकाटे उचाल्ने ढकढके पर्यटन पदमार्ग तथा विश्रामस्थल निर्माणको सुरुवात गरिएको छ।<br>• छत्रेश्वरीको धार्मिक तथा कृषि पर्यटन प्रवर्धनका लागि नेपाल टेलिभिजन संग सम्झौता गरी कार्यक्रम कार्यन्वयन भइरहेको छ।<br>• लैसे पाचतले गुफा अवलोकनका लागि पर्यटकीय पदमार्ग निर्माणको काम सम्पन्न गरिएको छ। |
| वित्तीय क्षेत्र | • ३ वटा ३ दिने वित्तिय साक्षरता सम्वन्धी तालिम संचालन गरिएको छ।<br>• सुरक्षित वैदेशिक रोजगार सम्वन्धी समुदायमा तालिम संचालन गरिएको छ। |

| | |
|---|---|
| | • सबै छत्रेश्वरीबासीको एक घर एक बैंक खाताका लागि नेपाल इन्भेस्टमेन्ट मेगा बैंकसंग सहकार्य भइरहेको।<br>• १० वटा विद्यालयमा वित्तिय साक्षरता सम्वन्धी तालिम तथा कक्षा संचालन गरिएको छ। |
| रोजगारी सिर्जना | • प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रु ५४ लाख ५० हजार बजेटमा ५० जनालाइ रोजगारी सिर्जना गरिएको छ।<br>• मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रु १ करोड ५ लाख बजेटमा ३१५ जनालाइ रोजगारी सिर्जना गरिएको छ।<br>• ३९१जनाको श्रम स्वीकृति नवीकरण गरिएको छ।<br>• १९ जना बैदेशिक रोजगारीमा गएका सन्ततिलाइ छात्रवृत्ति प्रदान गरिएको छ।<br>• १० जनाको मृत्यु क्षतिपुर्ति, २ जनाको स्वास्थ्य उपचार सहयोग ,७ जनाको सब बाहन गाडी उपलब्धता ,३ जना अंगभंग भएका व्यक्तिहरुको विवरण प्रविष्टी गरिएको छ। |

(ख)सामाजिक विकास

| क्षेत्र | प्रमुख उपलब्धि |
|---|---|
| शिक्षा | • पालिकाको आफ्नै लगानीमा राष्ट्रपति रनिङ शिल्ड संचालन गरिएको छ।<br>• आफ्नै स्रोत साधनमा आधारभुत तह उत्तीर्ण परिक्षा संचालन तथा व्यवस्थापन।<br>• पुस्तकालय तालिम सम्पन्न भएको छ।<br>• आधारभुत तहको पाठ्यपुस्तक लेखनको कार्य भैरहको छ।<br>• आधारभुत तह १-३ को पाठ्यक्रमको कष्टमाइज्ड तालिम सम्पन्न भएको छ।<br>• विद्यालय सुपरिवेक्षण तथा मेन्टोरिङ सुरुवात गरिएको छ।<br>• विद्यालय प्रअसंग कार्यसम्पादन सम्झौता तथा मापदण्डमा आधारित प्रअ नियुक्तीको सुरुवात गरिएको छ।<br>• सुरुवात गरिएको कार्यसम्पादनमा आधारित पुरुस्कार तथा दण्डको ब्यवस्था गरिएको छ।<br>• कार्यसम्पादन प्रोत्साहन अनुदान अन्तर्गत विद्यालय पुस्तकाल, आइसिटि ल्याब संचालन तथा ब्यवस्थापन गरिएको छ।<br>• विद्यालय शिक्षक दरबन्दी मिलान तह घटुवा तथा मर्जर र विग स्कुलको अवधारणा अनुरुप विद्यालय पुनसंरचनाको  कार्य सुरुवात गरिएको छ। |
| स्वास्थ्य | • सुत्केरी अति बिपन्न गरिब आकस्मिक दुर्घटनामा जीवन संरक्षणका लागि निशुल्क एम्वुलेन्स सेवा प्रदान गरिएको छ।<br>• ७ जना विपन्न नागरिकलाइ रु १ लाख बराबरको विपन्न नागरिक सिफारिस गरिएको छ।<br>• १५ शैया आधारभुत अस्पत्तालको निर्माणको कामले गति लिएको छ।<br>• १५४ जना किशोरीहरुलाइ पाठेघरको क्यान्सर बिरुद्धको HPV खोप संचालन गरिएको छ। ६४ जना ट्युबरक्लोसिस विरामीको परिक्षण गरिएको छ। |

| | |
|---|---|
| | • २० जना मृगौला प्रत्यारोपन गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई मासिक ५००० का दर उपचार सहायता प्रदान गरिएको छ।<br>• पुर्ण खोप प्रतिशत ९२ पुगेको छ।५ बर्ष मुनिका १००९ बालबालिकाले सेवा प्राप्त गरेका छन। ५ वटा बर्थिङ सेन्टर २ वटा OTC सेन्टर संचालन गरिएको छ।४ वटा किशोरकिशोरीमैत्री स्वास्थ्य संचालन गरिएको छ।<br>• ७७३९ जना विरामीको स्वास्थ्य परिक्षण गरिएको छ।<br>• रु २० लाखको छत्रेश्वरीका सबै स्वास्थ्य संस्थाहरुका लागि ९८ प्रकारका औषधी खरिद तथा वितरण गरिएको छ। ३४ प्रतिशत संस्थागत सुत्केरी रहेको छ।<br>• विद्यालय पोषण शिक्षा कार्यक्रम तथा राष्ट्रिय भिटामिन ए कार्यमक्रम मार्फत बालबालिकालाइ प्रत्यक्ष सेवा प्रदान गरिएको छ। |
| खानेपानी तथा सरसफाइ | • गर्चे ढोरेनी र डिग्रे खानेपानी तथा सरसफाइ आयोजनाहरु निर्माणको कार्य तीव्र गतिमा भइरहेको छ।<br>• श्री कृष्ण मावि वास सहितको सुविधासम्पन्न शौचालय निर्माणको काम अन्तिम चरणमा पुगेको छ।<br>• जलुकेखोली पानीखोला खानेपानी तथा सरसफाइ आयोजना छत्रेश्वरी ६ र तामाधारा खानेपानी तथा सरसफाइ योजना छत्रेश्वरी ५ को काम सम्पन्न भइ हस्तान्तरण गरिएको छ।<br>• ३४ वटा घरधुरी भएका २ वटा टोललाइ पुर्ण सरसफाइ उन्मुख टोल घोषणा गरिएको छ।<br>• ७ वटा वडास्तरीय मर्यादित महिनावारी ब्यवस्थापन गठन भइ अभिमुखीकरण गरिएको छ।<br>• शारदा मावि शंखमुल र जनता मावि भौटेरमा वास सहितको सुविधासम्पन्न शौचालय सम्पन्न भइ हस्तान्तरण गरिएको छ।<br>• ८५ वटा खानेपानी आयोजनाहरुको पोष्टमार्टम गरिएको छ।<br>• २८८ वटा मर्यादित महिनावरी सम्वन्धि कार्यक्रम संचालन गरिएका छन।<br>• ३२ वटा मुहानको पानीको गुणस्तर परिक्षण गरिएको छ।<br>• २२ वटा खानेपानी उपभोक्ता समितिहरुको दर्ता गरिएको छ।<br>• उपभोक्ता समितिलाइ खरिद ब्यवस्थापन सम्वन्धी तालिम प्रदान गरिएको छ ।<br>• १८ वटा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति विच MOU सम्पन्न गरिएको छ। |
| संस्कृति प्रवर्द्धन | • नेपाल टेलिभिजको सहयोगमा पालिकाभित्र रहेको पौराणिक कला र सम्पदाको भिडियो डकुमेन्ट्री निर्माण गरिएको छ।<br>• परम्परागत मेला रुपमा लाग्दै आएको पौराणिक छत्रेश्वरी सतीपिठ तथा शिवरात्री मेला ब्यवस्थापनका लागि पालिकाबाट रु १ लाख २० हजार खर्च गरिएको छ।<br>• छत्रेश्वरी गाउँपालिका भित्रका कला र संस्कृति संरक्षणका लागि पंजेबाजा विभिन्न आमा समूह तथा अन्य क्षेत्रमा लगानी गर्दै आइरहेको छ।<br>• पुर्वीय दर्शन र विज्ञानमा आधारित योग तथा आयुर्वेद शिक्षाका लागि पालिकाले लगानी गर्दै आइरहेको छ।<br>• आयुर्वेद तर्फ रु ४ लाख लागतमा विभिन्न जडीबुटीजन्य औषधी तथा कार्यक्रम संचालन गरिएको छ। |
| यूवा खेलकुद तथा मनोरञ्जन | • अध्यक्ष कप प्रतियोगिता संचालन गरिएको छ।<br>• प्रत्येक वडामा वडास्तरीय खेलकुद कार्यक्रम संचालन गरिएका छन। |

| | |
|---|---|
| | • विद्यालय देखिनै प्रतिभावान खेलाडी उत्पादन गर्नका लागि जिल्ला स्तरीय रनिङ शिल्डको तयारी गरिएको छ। |
| लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | • स्थानीय बालअधिकार समिति गठन तथा परिचालन/वडास्तरीय बाल संरक्षण समिति गठन गरिएको छ।<br>• लक्षित बर्ग अन्तर्गतका १० वटा विभिन्न आयोजना तथा कार्यक्रम संचालन गरिएका छन।<br>• २९९ जना अपांगता भएका ब्यक्तिहरुको मूल्याङ्कन गरी परिचय पत्र वितरण गरिएको छ। १६९ जनालाइ जेष्ठ नागरिक परिचय पत्र वितरण गरिएको छ। |

(ग) पूर्वाधार विकास

| क्षेत्र | अपेक्षित नतिजा |
|---|---|
| स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल | • पालिकामा रहेका डोजर स्काभेटरको सहयोगमा सबै वडामा मनसुनजन्य विपत पश्चात पहिरो पन्छयाइएको छ। वडा नं.१ र वडा नं.२ मा निजी क्षेत्रको स्काभेटर मार्फत आवागमन सहज बनाइएको छ।<br>• शंखमुल जयचौर खर्सुबास सडकको कालोपत्रेको कामलाइ निरन्तरता दिइएको छ।<br>• शंखमुल श्रीचवर रावतगाउ खैराबाङ लान्ती लेखपोखरा मोटरबाटो स्तोरोन्नति काम सम्पन्न अवस्थामा रहेको छ।<br>• २९ वटा साना तथा ठुला सडक पुर्वाधार निर्माण गरिएको छ। |
| सिंचाई | • ठुलागैरा सिमलगैरा चिन्नेखोला सिँचाइ पोखरी निर्माणको कार्य सम्पन्न भएको छ।<br>• साना ठुला गरी २२ वटा सिँचाइ आयोजनाहरु सम्पन्न भएका छन।<br>• सिँचाइका लागि रु ४ लाख बराबरको पाइप खरिद तथा वितरण गरिएको छ। |
| भवन तथा सहरी विकास | • वडा नं. ५ र वडा नं.४ वडा कार्यालय भवन निर्माणको अन्तिम चरणमा रहेका छन।<br>• वडा नं .१ को वडा कार्यालय भवन बहुबर्षे ठेक्का अन्तर्गत ठेक्का आह्वान भइ काम भइरहेको छ।<br>• वडा नं.३ को वडा कार्यालय भवन निर्माण सम्पन्न भइ नियमित प्रशासनिक सेवा प्रवाह भइरहेको छ।<br>• त्रिभुवन जनता मावि भोटेचौरको विद्यालय भवन घेराबार सम्पन्न भएको छ।<br>• भानुभक्त मावि दमाचौरको घेराबार तथा पर्खाल निर्माणको काम सम्पन्न भएको छ। |
| उर्जा, लघु तथा साना जलविद्युत | • सबै वडामा केन्द्रीय विद्युत लाइन बिस्तारको काम सम्पन्न भएको ।छुटेका टोलमा कर्णाली प्रदेश पुर्ण विद्युतीकरण परियोजना अन्तर्गत पुरा भइसक्नेछ। |
| सञ्चार | • सबै वडामा फाइबर नेटको पहुँच विस्तार गरिएको ।<br>• पालिकाको विकास र सुशासनको क्षेत्रमा वहस पैरवी गर्ने सबै संचार तथा छापा तथा अनलाइन मिडीयाहरुलाइ पालिकाले प्रत्यक्ष सहयोग गरिरहेको अवस्था छ। |

(घ) वातावरण तथा विपद् व्यवस्थापन

| क्षेत्र | अपेक्षित नतिजा |
|---|---|
| वन तथा भु-संरक्षण | • कार्यालय परिसरका रहेको पुराना रुख हटाइ नयाँ अर्नामेन्टल विरुवा वृक्षारोपण गर्नका लागि डिभिजन वन कार्यालय सल्यान समन्वय र सहकार्य भइरहेको छ। |
| जलाधार संरक्षण | • खानेपानी मुहान संरक्षणका लागि पालिकाले दर्ता प्रक्रिया अगाडि बढाएको छ।<br>• हालसम्म पालिकामा २४ वटा खानेपानीका मुहान दर्ता भइ संचालनमा रहेका छन। |
| वातावरण संरक्षण, जलवायु परिवर्तन | • वृक्षारोपन, वन संरक्षण अभियानबाट वन तथा वातावरणीय संरक्षणमा जोड<br>• स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयनमा रहेका छन।<br>• पालिकाभित्र नदीजन्य पदार्थ उत्खनन गर्नका लागि प्रारम्भिक वातावरणीय परिक्षण काम अन्तिम चरणमा पुगेको छ। |
| फोहरमैला तथा ढलव्यवस्थापन | • बजार क्षेत्रको फोहोर ब्यवस्थापनका लागि कर्णाली प्रदेश सरकार ससर्त अनुदान आयोजना माग गरि पठाइएको छ। |
| जलउत्पन्न प्रकोपनियन्त्रण | • शारदा लंकिनि र अन्य खोला साना ग्याभिन जालीको काम सम्पन्न भएको छ।<br>• मसानढुङ्गा तटबन्धन सम्पन्न भएको छ। |
| विपद व्यवस्थापन | • मनसुन तथा अन्य विपद प्रभावित नागरिकलाइ स्थानीय विपद जोखिम न्युनीकरण तथा ब्यवस्थापन समितिबाट निर्णय भइ राहत उपलब्ध गराइएको छ।<br>• हालसम्म ८ जना नागरिकहरुलाइ क्षतिको मूल्याङ्कनको आधारमा राहत तथा पुनस्थापना वाफत रु ४ लाख रकम उपलब्ध गराइएको छ। |
| एम्बुलेन्स तथा वारुण यन्त्र | • गाउँपालिका ४ वटा एम्बुलेन्स सञ्चालनमा रहेका छन। |

(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

| क्षेत्र | • अपेक्षित नतिजा |
|---|---|
| सुरक्षा व्यवस्थापन | • कार्यालयको सुरक्षाका लागि  नगर प्रहरी कार्यालय सहयोगीको व्यवस्था  तथा नजिकको प्रहरी प्रशासनसँगको समन्वय मार्फत सुरक्षा व्यवस्थापनलाई जोड दिइएको छ। |
| सूचना प्रविधि | • गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरुमा कम्प्यूटर,प्रिन्टर,इन्टरनेट जस्ता सूचना प्रविधिका आधारभूत हार्डवेयरको व्यवस्था गरिएको<br>• राजस्व संकलन अनलाइन प्रणाली मार्फत गरिएको छ।<br>• बजेट विनियोजन, लेखाङ्कन र प्रतिवेदनमा पूर्ण रुपमा SUTRA मा पूर्ण रुपमा EFT प्रयोग गरिएको |
| पञ्जिकरण व्यवस्थापन | • अनलाइन घटना दर्ता नियमितता<br>• सामाजिक सुरुक्षा भत्ता इफटी मार्फत प्रदान सम्वन्धित लाभग्राहीको बैंक खातामा प्रदान गरिएको छ।<br>• पालिकाको खर्च ब्यवस्थापनमा बैंकलाइ वडा कार्यालय सम्म लिइ भत्ता वितरण<br>• प्रत्येक त्रैमासिक समयसिमा भित्र खातामा भत्ताँ निकासा |

| | |
|---|---|
| | • सामाजिक सुरक्षालाइ प्रभावकारी बनाउन बायोमेट्रिक प्रणाली लागु ।<br>• २४७ जनाको घटना दर्ता भएको<br>• ४४५९ नागरिक तथा बालबालिकालाइ सामाजिक सुरक्षा भत्ता वितरण<br>• ७ करोड ४४ लाख ९१ हजार २ सय ८१ सामाजिक सुरक्षा वाफत भत्ता वितरण |
| स्थानीय तथ्याङ्कसंकलन र अभिलेख व्यवस्थापन | • मध्यमकालीमन खर्च संरचना रावस्व सुधार योजना र क्षमता विकास योजनाका लागि काम भैरहेको।<br>• पालिकाको आर्थिक गणणा गर्ने कार्य भैरहेको<br>• स्वास्थ्य शिक्षा घटना दर्ता ब्यवस्थापन रोजगार प्रणाली राजस्व तथा खर्च ब्यवस्थापन विपत ब्यवस्थापन विद्यालय शिक्षा ब्यवस्थापन तथा योजना र हाजिरी ब्यवस्थापनका लागि विभिन्न अनलाइन माध्यमबाट भैरहेको। |
| सुशासन प्रवर्द्धन | • सबै आयोजनाहरुमा आयोजनास्थलमा सूचनापाटी, जनलेखापरीक्षण अनिवार्य गरिएको<br>• सूचना प्रकाशन, नागरिक वडापत्र अद्यावधिक, गुनासो सुनुवाइ संयन्त्र सक्रिय<br>• बेरुजु ०.६० झरेको । जिल्लामा बेरुजुमा दोस्रो स्थान हासिल गरेको<br>• कार्यसम्पादन मूल्याङ्कनमा ७२.२५ अंक सहित जिल्लामा प्रथम स्थान हासिल गरेको छ।<br>• स्थानीय शासन कार्यसम्पादन स्वमुल्याङ्कन (LGPAS) प्रणालीमा पालिकाको तर्फबाट ८६.७ उत्कृष्ट अंक प्रस्ताव गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलमा पेश गरिएको छ।<br>• असुल उपर गर्नुपर्ने बेरुजु रु.१ करोड ३७ लाख असुल उपर भइ बैंक दाखिला भएको। बाँकी बेरुजु फछ्यौटका लागि प्रक्रिया अगाडी बढेको छ। |
| न्यायिक समिति | • मेलमिलापकर्ता र न्यायिक समिति का सदस्यका लागि विज्ञको उपस्थितिमा न्यायिक प्रक्रिया सम्वन्धी तालिम सम्पन्न भएको छ।<br>• १० वटा उजुरी मध्ये ५ वटा उजुरी फछ्यौट भएको<br>• ५ वटा कारवाही प्रक्रियामा रहेका छन। |
| बहुक्षेत्रीय पोषण | • वडा नं.३ मा १२० जना गर्भवती तथा सुनौलो हजार दिनका आमाहरुलाइ ३ हसे कुखुरा वितरण गरिएको छ। |
| बित्तिय प्रगति | • कुल विनियोजित बजेट रु.५२ करोड ६३ लाख ६८ हजार<br>• कुल आम्दानी रु.३३ करोड ५४ लाख ७१ हजार<br>• कुल खर्च रु.२५ करोड ५७ लाख १८ हजार ७ सय ७१<br>• चालु खर्च रु.२१ करोड २५ लाख ४५ हजार ६०.०१ प्रतिशत<br>• पूजीगत खर्च ४ करोड ७५ लाख ८६ हजार २७.५५ प्रतिशत<br>• १करोड ३३ लाख ३७ हजार ३ सय १९ आन्तरिक राजस्व प्राप्त भएको छ । |

- सेवा र विकासमा नागरिकका तीब्र अपेक्षा पूरा गर्नु, विकास प्रक्रियामा सबै नागरिकको सहभागिता सुनिश्चित गर्नु, स्थानीय स्रोत र साधनको समुचित उपयोग र वितरण गर्नु, तहगत सरकारबीच समन्वय र सहकार्य अभिबृद्धि गर्नु, नागरिकको चेतनास्तरमा अभिबृद्धि गर्नु, समयमै विकास निर्माणका कामहरुलाई सम्पन्न गर्नु,सीमित स्रोत एवं साधनबाट आवधिक योजनामा उल्लिखित योजना तथा कार्यक्रमहरुका लागि पर्याप्त स्रोत ब्यबस्थापन गर्नु, प्रविधिमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्नु, लैङ्गिक हिंसा र विभेदजन्य कार्यहरुलाई पूर्णतः निवारण गर्नु, गाउँपालिकाको आन्तरिक स्रोतको दायरालाई फराकिलो बनाउदै लैजानु,पूँजीगत खर्च

बृद्धि गर्दै चालु खर्चमा मितब्यीता अपनाउनु र समावेशी आर्थिक विकास मार्फत रोजगारीका पर्याप्त अवसरहरु सृजना गर्नु हाम्रा सामु चुनौतीका रुपमा रहेका छन्।

**गाउँसभाका सदस्य ज्यूहरु,**
**गाउँपालिकाबासी आमाबुवा तथा दाजुभाई दिदी बहिनीहरु,**

- सल्यानजिल्लाको पुर्वि भागमा रहेको यस गाउँपालिकालाई विकास, सुशासन र समृद्धिको उच्च स्तरमा पुर्याई निर्वाचित हुदै गर्दा लिएका संकल्पहरु तथा प्रतिबद्वताहरुको कार्यन्वयन गर्नु अहंम जिम्मेवारी र कर्तब्य हाम्रो सामु रहेको छ। राष्ट्रिय स्तरको १६ औं पञ्चबर्षीय योजनाको "सुशासन, सामाजिक न्याय र समृद्धि" को सोच, कर्णाली प्रदेशको दोस्रो आवधिक योजना (२०८१/०८२-२०८५/०८६) को " समृद्व कर्णाली :सुखारी कर्णालीबासी" को सोच र गाउँपालिकाको पहिलो आवधिक योजना (आ.व.२०७९।८०- २०८३।८४) को "सुशासन र समृद्धिको लहर छत्रेश्वरी बासीको रहर" भन्ने मुल ध्येका साथ आर्थिक समृद्धि,सामाजिक न्याय, गरिवी निवारण, रोजगारी सिर्जना, उद्यमशिलता विकास र पुननिर्माण मार्फत स्थानीय आबश्यकता, निर्वाचनका समयमा गरिएका प्रतिबद्वताका आधारमा गाउँपालिकाको विकास, सुशासन र समुन्नतिको आधारमा रही आगामी आर्थिक बर्ष २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम निम्न बिषयमा जोड दिएको छ।
  - कृषि र पशुपालनको ब्यवासायीकरण मार्फत रोजगारी सिर्जना गर्ने।
  - पालिकाको समृद्धिको आधारको रुपमा रहेको पुर्वाधार विकासलाइ उच्च प्राथामिकता दिदै विकास निर्माणमा देखीएका कमीकमजोरी सुधार गर्ने।
  - गुणस्तरीय सर्वसुलभ शिक्षा र स्वास्थ्यमा जोड दिदै मानव पुँजीको विकास गर्ने।
  - सेवा प्रवाहलाइ प्रभावकारी बनाइ पालिकाबासीमा सुशासन प्रत्याभुति गर्ने।
  - जिल्ला स्थित सबै पालिकाको सामुहिक हित हुने र उच्च प्रतिफल दिने ठुला विकास आयोजनाहरुमा संयुक्त लगानी गर्ने।
  - चालु खर्च क्रमश कटौती गर्दै पालिकामा रहेको ठुलो बेरुजुको आयतन घटाइ वित्तिय सुशासन प्रवर्धन गर्ने।
  - खानेपानी तथा सरसफाइको पहुँचमा सबै छत्रेश्वरीबासीलाइ आवद्ध गर्ने।

## कृषि र पशु पालनमा नवीनता: आय र उत्पादनमा सृजनशीलता

१. **फलफुल खेतीको विस्तार: छत्रेश्वरीबासीको आय स्तरमा सुधार** अन्तर्गत **बगैचा विस्तार** गर्न प्रोत्साहन गरिनेछ।**एक फलफुलको बोट रु ५०** को **नोट**कार्यक्रम अन्तर्गत नयाँ फलफुल क्षेत्र विस्तारका लागि कार्यविधिका आधारमा अनुदानको ब्यवस्था गरिनेछ।कृषि पर्यटनको विकास गर्न **घरबास कार्यक्रम (Home Stay)** को पाइलट परियोजनाको रुपमा सुरुवात गरिनेछ।सुन्तला खेतीमा देखिने रोगकिरा र अन्य जलवायुजन्य जोखिम ब्यवस्थापनका लागि कृषकलाइ तालिम दिइनेछ।सुन्तला जातमा देखिने रोगकिरा नियन्त्रण गर्न एकीकृत शत्रु जीव ब्यवस्थापन (Integrated Paste Management) प्रणालीको विकास गरिनेछ।आकस्मिक

रुपमा देखा पर्ने रोगकीरा व्यवस्थापन गर्न जैविक तथा रसायनिक विषादी उपलब्ध गराइनेछ। स्वस्थ बगैंचा स्थापना तथा सुन्तलाजात बँगैचाको सुदृढीकरणका लागि बगैंचा सुधारमा विशेष जोड दिइनेछ।

२. किसानहरुको बालीनालीमा देखीएको रोग किरा तथा किराहरुको प्रकोपलाइ छिटो छरितो माध्यमबाट समाधान गर्न **बाली उपचार घुम्ती शिविर(Plant Clinic )** सबै वडाहरुमा संचालन गरिनेछ।प्रमुख बालीहरुको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व लगायत कृषि सँग सम्बन्धित तथ्यांक व्यवस्थित गरी प्रकाशन गरिनेछ।मुख्य खाद्यान्न वालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न उन्नत जातका वीउको प्रयोगमा प्रोत्साहन गरिनेछ। बीउ विजन उत्पादन क्षेत्र विस्तार गर्न संघ र प्रदेश सँगको सहकार्यमा प्राविधिक सेवा टेवा प्रदान गरिनेछ।खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउन उन्नत जातका विभिन्न तरकारीका बीउ वितरण गरिनेछ।

३. बीमा सम्बन्धी अभिमुखिकरण मार्फत व्यवसायिक कृषकहरुलाइ कृषि तथा पशुपंछी बीमामा आबद्ध हुन प्रेरित गरिनेछ। रैथाने वालीको उत्पादन तथा क्षेत्र विस्तार गर्न रैथानेवाली प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ। च्याउखेती व्यवसाय तर्फ कृषकलाइ आकर्षण गर्न व्यवसायिक च्याउ खेती प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

४. मौरीपालन व्यवसायलाई प्रोत्साहन गर्न मौरी चरन क्षेत्र संरक्षण तथा विस्तारमा जोड दिइनेछ।कृषकहरुमा प्राविधिक ज्ञान अभिवृद्धि गर्न मागमा आधारित स्थलगत तालिम र गाउँपालिका स्तरीय तालिम संचालन गरिनेछ।रसायनिक मलको विकल्पको रुपमा सिंचित क्षेत्रहरुमा ढैंचा, कोशेवाली साथै अन्य विकल्पहरुको प्रयोगमा जोड दिइनेछ।जैविक तथा प्राङ्गारिक मलको उत्पादन तथा प्रयोगलाइ प्रोत्साहन गरिनेछ।प्रविधि प्रसारका निम्ति मुख्य बालीहरुमा उत्पादन अध्ययन तथा प्रविधि प्रदर्शन कार्यक्रम संचालन गरिनेछ। वर्षाको पानी संकलन गरी तरकारी तथा फलफूलमा सिंचाइ सुविधा विस्तार गरिनेछ।उत्पादन लागत घटाउन यान्त्रिकरणमा जोड दिइनेछ। वेमौसमी तरकारी खेतीतर्फ प्रेरित प्लाष्टिक घर निर्माणमा सहयोग गरिनेछ।

५. उच्च मूल्य कृषि बस्तु उत्थानशील कार्यक्रम(R-HVAP) परियोजनाको सहकार्यमा फलफुल क्षेत्र विस्तार गरिनेछ।पालिकाभित्र सबै वडामा माटोको नमुना परिक्षण गरी किसानहरुलाइ माटोको गुण अनुसारको खेती गर्न प्रोत्साहन गरिनेछ।कर्णाली प्रदेशको **आफ्नै गोठ आफ्नै स्रोत** नीति अनुरुप छत्रेश्वरीमा उत्पादित सुन्तला र किवि लाइ अर्गानिक उत्पादनको रुपमा ब्यवस्थित गरिनेछ।

६. व्यवसायिक पशुपालन फर्म शुद्धिकरण तथा गोठ सुधारमा साझेदारीका साथै कृषकलाइ तालिमको व्यवस्था गरिनेछ। लोकल कुखुरा, बाख्रापालन, भैसीपालन र कालिज पालनका लागि नयाँ उद्यमी युवाहरुलाई प्रोत्साहन गरिनेछ। कर्णाली प्रदेशको अर्गानीक उत्पादनको नीति अनुरुप प्राङगारिक खेतीलाइ प्रवर्धन गर्न गड्यौले मल र कम्पोस्ट मल उत्पादनका लागि किसानहरुलाइ आर्थिक र प्राविधिक टेवा दिइनेछ ।

७. उन्नत जातका भुइ तथा डाले घाँस विस्तार गर्नुका साथै हरियाली सडक बनाउन घाँस खेति गर्न प्रोत्साहन गरिनेछ।

८. पशु उपचारलाइ प्रभावकारी बनाउन प्रयाप्त मात्रामा औषधीको व्यवस्था गर्दै लगिनेछ र परम्परागत पशुपालनलाइ व्यावसायिकरण गरी उत्पादनमा बृद्धि गर्दै लगिनेछ।पशुपन्छीको महामारी बाट हुने क्षति न्युनिकरण गर्न पशु स्वास्थ्य शिविर(Animal Clinic ), घरदैलो बन्ध्याकरण शिविर र बाझोपन सम्बन्धी शिविर सन्चालन गर्दै लगिनेछ।

९. स्थानीय उत्पादनको बजारीकरण गर्न **स्थानीय उत्पादनको मात्र ब्यवसाय गर्ने** युवा उद्यमीहरुलाइ आवश्यक अनुदानको ब्यवस्था गरिनेछ।यसलाइ **छत्रेश्वरी कोशेली घर**को रुपमा विकास गरिनेछ।

१०.पोषण तथा खाद्य सुरक्षा सुनिश्चितताको लागि हरेक वडामा रैथाने बाली प्रर्वद्धन (कोदो, सिमी, भटमास, कागुनो, माटे) एक घर एक करेसाबारी, सामूहिक तरकारी खेती, फलफूल खेती, **विद्यालयमा नर्सरी तथा करेसाबारी**

**निर्माण** जस्ता कार्यक्रमहरु संचालन गर्न प्रोत्साहन गरिनेछ। अर्गानीक कृषि तथा फलफुलजन्य उत्पादनलाई बढावा दिईनेछ।

११. पशुपन्छी पालक कृषकलाई कृषक पाठशाला कार्यक्रम संचालनमा ल्याइनेछ। जुनोटिक रोग सम्बन्धी जनचेतना फैलाउन स्कुल प्रसार शिक्षा सन्चालन गरिनेछ। दुध र दुधजन्य पदार्थमा आत्मनिर्भरताका लागि भैसी प्रवर्धन कार्यक्रम संचालन गरिनेछ।

१२. कृषक भ्रमण,**कृषि मेला प्रदर्शनी**, कृषक तथा प्राविधिकको क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ। कृषि तथ्याङकलाई थप ब्यवस्थित बनाईनेछ। कृषक परिचय पत्र वितरण गरिनेछ। पशुपन्छी उत्पादन लागत घटाउन **पशुपन्छी आहार कार्यक्रम** संचालन गरिनेछ। पशु स्वास्थ्यमा सुधार गर्न घरेलु उपचार विधि सम्वन्धी वस्तीस्तरमा प्रयोगात्मक तालिम संचालन गरिनेछ। उत्पादनमा आधारित अनुदानलाइ परिक्षणका रुपमा लागु गरिनेछ।

१३. पोषण मैत्री गाउँपालीका घोषणा गर्नको लागी **एक घर एक घरबारी** ( रैथाने बाली, पोष्टिक युक्त खानेकुरा उपभोग गर्ने घरधुरी,खाद्य स्वच्छता र गुणस्तर परिक्षणको बजार अनुगमन) कार्यक्रम प्रभावकारी ढङ्गले संचालन गरिनेछ।

१४. ब्ययवसायिक रुपमा उत्पादन गर्दै आएका कृषि तथा पशु फर्महरुलाई उत्पादन/संख्याको आधारमा मापदण्ड निर्माण गरि प्रोत्साहन को व्यवस्था मिलाईने छ। डेरि पसल ,मासु पसल, एग्रोभेट ,डेरी उद्योगको नियमित अनुगमन गर्दै उपभोक्ताको अधिकार सुनिश्चित गरिनेछ।

## स्थानीय स्रोत, सानो उद्यम ,ठुलो उपलब्धि

१५. **छत्रेश्वरीको उत्पादन छत्रेश्वरीको ब्राण्डिङ** कार्यक्रम अन्तर्गत लघुउद्यम मार्फत अदुवा र टिमुरको धुलो उत्पादनमा केन्द्रित गरिनेछ।

१६. बजार अनुगमन गरी ब्यवसाय दर्ता र नवीकरण कार्यलाइ प्रभावकारी रुपमा कार्यन्वनयन गरिनेछ ।सफल उद्यमी तथा रोजगारी सिर्जना गर्नका लागि विभिन्न उत्प्रेरणा र प्रोत्साहनका कार्यक्रमहरु लागु गरिनेछ ।

१७. व्यावसायिक सीप विकासमार्फत पहिचान भएका उद्यमीहरुलाई प्राविधिक सहयोग तथा उद्यम विकास मोडेलमा लघु उद्यमी सृजना गरी आवश्यकता र पहिचानका आधारमा सीप विकास तथा प्रविधि हस्तान्तरण गरिनेछ। यसबाट उद्यमशीलताको विकास तथा प्रवर्द्धनमा टेवा पुग्नेछ।

१८. लघु उद्यम तथा सीप विकास सम्बन्धी कार्यक्रमहरुमा लक्षित वर्ग, क्षेत्र, समुदायको सहभागितालाई पहिलो प्राथमिकतामा राखिनेछ। नवप्रवर्तनात्मक उद्योग सञ्चालन गर्न चाहने उद्यमीका लागि मागमा आधारित उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

१९. उद्यमशीलता विकास र स्वरोजगार प्रवर्द्धनमा युवाहरुलाई प्राथमिकता दिइने नीति अबलम्बन गरिनेछ।

२०. साना तथा घरेलु उद्यम मार्फत रोजगारी सिर्जना स्थानीय अर्थतन्त्रको सबलीकरण र जीविकोपार्जनमा जोड दिइनेछ। यसका लागि चप्पल उत्पादन सीप विकास, सिलाइकटाइ तालिम, टपरी उत्पादन तालिम केन्द्रित गरी स्वरोजगारीका अवसर सिर्जना गरिनेछ।

## आन्तरिक पर्यटन र स्थानीय संस्कृति :समुन्नत छत्रेश्वरीको आधार

२१. पर्यटन क्षेत्रमा छत्रेश्वरीले पदमार्ग निर्माण, होम स्टे, होटेल ब्यवसाय प्रवर्धन,धार्मिक पर्यटन, कृषि तथा बनजन्य पर्यटनलाइ पालिकाको पर्यटन विकासको अभिन्न अंगको रुपमा विकास गर्ने नीति लिइनेछ। **सल्यानको गन्तब्य छत्रेश्वरीः छत्रेश्वरीको गन्तब्य बुराँसे युद्ध पर्यटन क्षेत्र** अभियान अन्तर्गत छत्रेश्वरी मन्दिर, साततले गुफा, ढकढके, पाथीभरा र बुराँसे युद्ध पर्यटन क्षेत्रमा घुम्न प्रोत्साहन गरिनेछ। यसलाइ **धार्मिक तथा जैविक सर्किट**को रुपमा विकास गरिनेछ।

२२. **छत्रेश्वरी सतीपिठ र शंकपार्कलाइ** धार्मिक पर्यटनसंगसंगै आय र रोजगारी संग जोडिनेछ। छत्रेश्वरीको सुन्तला क्षेत्र, बुराँसे युद्ध क्षेत्र, छत्रेश्वरी सतीपिठ, ढकढके लगायतका क्षेत्रलाइ **चलचित्र छायाँङ्कनका** रुपमा प्रचार प्रसार गरिनेछ।

२३. दीगो पर्यटन विकासका लागि गुरुयोजना बमोजिम पर्यटकीय क्षेत्रहरुको पहिचान, सम्भाव्यता अध्ययन, पर्यटन पूर्वाधार निर्माणका साथै अन्तरसम्बन्धित क्षेत्रहरुको पहिचान तथा विकासमा जोड दिइनेछ।

२४. प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक तथा साहसिक पर्यटनको पहिचान, संरक्षण, विकास र प्रचारप्रसारका साथै होमस्टे सञ्चालन प्रवर्द्धन सम्बन्धी कार्यक्रम ल्याइनेछ।

२५. पर्यटन क्षेत्रमा रोजगारी प्रवर्द्धन, आर्थिक उपार्जन र व्यावसायिकता रुपान्तरण सम्बन्धी कार्यक्रमका लागि छिमेकी पालिका तथा निजी क्षेत्रसंग साझेदारी एवं सहकार्य गरिनेछ।

२६. छत्रेश्वरीको वडा नं.१ मा दमाचौर ओरेन्ज होमस्टे निर्माण तथा तालिम संचालनमा जोड दिइनेछ।

## एकमा अनेक अनेकमा एकःसहकारी

२७. सहकारी क्षेत्रमा देखिएका समस्याहरु, जोखिमको अवस्था, बित्तीय सुशासन र पूंजी परिचालन लगायतका पक्षहरुमा गाउँपालिकामा दर्ता भएका सबै सहकारीहरुको अनुगमन र मूल्याङ्कन गरिनेछ। चल्न नसक्ने र खराब कर्जा भएका सहकारीहरुलाई विस्तारै खारेजी र बचत तथा ऋण सहकारीलाई एक आपसमा गाभिन प्रोत्साहन गरिनेछ। हाल सम्म गाउँपालिकामा नवीकरण नभएका सहकारीलाइ खारेजीको प्रक्रियामा लगिनेछ।

२८. सहकारीमा आवद्ध पदाधिकारीहरुलाई तालिम तथा प्रशिक्षण गरिनेछ। सम्पुर्ण सहकारीलाइ उत्पादन र बजारीकरणको व्यवस्था गर्ने वातावरण मिलाइनेछ।

२९. सहकारी क्षेत्रको खराब कर्जा नियमित तथा असुल गरी स्वस्थ तथा सुशासनयुक्त सहकारी बन्न प्रोत्साहन गरिनेछ। सहकारी संस्थाहरुलाइ शेयर बृद्धि, ब्यवसायीकरण र आत्मनिर्भर हुन अभिप्रेरित गरिनेछ ।

३०. सहकारी संस्थाहरु अनिवार्य रुपमा सहकारी तथा गरिवी सम्बन्धी ब्यवस्थापन सूचना प्रणाली (COPOMIS)मा आवद्ध हुनुपर्ने ब्यवस्था गरिनेछ। कृषि समूह र सहकारीको समन्वयमा एकीकृत उत्पादन र बजारीकरण कार्यक्रम कार्यन्वयन गरिने छ।

## समाजवाद उन्मुख समृद्धिको आधारः मर्यादित दिगो र उत्पादनशील रोजगार

३१. युवाहरुसंग स्थानीय तह कार्यक्रम, युवाहरुको आवश्यकतामा आधारित बहस पैरवी कार्यक्रम र सीप तथा व्यावसायिक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

३२. युवामैत्री स्थानीय शासन प्रवर्द्धनका लागि युवा तथा खेलकुद विकास सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ। युवाहरुका लागि लोक सेवा आयोगका कार्यक्रमहरु संचालन गरिनेछ।

३३. युवाहरुको खेलकुद प्रतियोगिता सञ्चालन गरी जिल्ला स्तरमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडीहरु विकास गरिनेछ। क्रिकेट र फुटबल विधाका खेलमा खेलाडी उत्पादन गर्न गाउँपालिका खेलकुद विकास समितिलाई अभिप्रेरित गरिनेछ।

३४. जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा छत्रेश्वरी गाउँपालिका विजयी हुने गरी तयारी गर्न विभिन्न खेलकुद कार्यक्रमहरु विद्यालय स्तरमा संचालन गरिनेछ।

३५. **श्रमको सम्मान छत्रेश्वरीको अभियान** कार्यक्रम अन्तर्गत छत्रेश्वरी भित्रका युवाहरुलाई विभिन्न सीप विकासका कार्यक्रमहरु संचालन गरिनेछ। सीमापार रोजगारीबाट फर्केका नागरिकहरु वा परिवारका सदस्यहरु/युवाहरुलाइ पुन श्रम स्वीकृति नवीकरण बैदेशिक रोजगार बोर्डले प्रदान गर्ने आर्थिक सहायता लगायत अन्य विषयबस्तुको समुदाय स्तरमा सुरक्षित बैदेशिक रोजगार सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

३६. बैदेशिक रोजगारीलाई ब्यवस्थित बनाउन पालिकाको रोजगार सेवा केन्द्र मार्फत आवश्यक समन्वय र सहजीकरण गरिनेछ। सीमापार रोजगारीबाट फर्किएका वा देश भित्रै रोजगारीमा रहेका वा सिमापार रोजगारमा जाने चाहने तथा औपचारिक तथा अनौपचारिक माध्यमबाट ज्ञान तथा सीप आर्जन गरी अनुभव प्राप्त सीपयुक्त प्रमाणपत्र प्राप्तिका लागि **पुर्व सिकाइ मान्यता विधिबाट** ( Recognition of Prior Learning -RPL) सीप परिक्षण गरी रोजगारको ढोका खोल्न र योग्यता प्रणालीमा समाहित गरिनेछ।

३७. मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरुलाई दिगो,प्रतिफल दिने र काम देखीने क्षेत्रमा केन्द्रित गरिने छ। उत्पादन र उद्यमशिलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति सीप विकास उद्यमशिलता र पुन एकीकरण सम्वन्धी क्रियाकलापमा पालिका तर्फबाट कम्तीमा शत प्रतिशत स्रोत सुनिश्चतता गरिनेछ।

**गाउँसभाका सदस्य ज्यूहरु,**
**गाउँपालिकाबासी आमाबुवा तथा दाजुभाई दिदी बहिनीहरु,**

<u>छत्रेश्वरी गाउँपालिका समृद्धिको आधार :गुणस्तरीय शिक्षा र सिकाइ उपलब्धिमा सुधार</u>

३८. **हामी सुधाछौं हाम्रो विद्यालय** अभियान अन्तर्गत कृषि उपज उत्पादन सहितका हरित विद्यालय बनाउन प्रोत्साहन गरिनेछ। स्थानीय शिक्षा योजना कार्यन्वयन गरिनेछ। स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पुर्वाधार विकास गरिनेछ।

३९. शिक्षकको निरन्तर पेसागत विकासका कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गरिनेछ। सबै किसिमका शिक्षकका लागि विषयगत तालिमको व्यवस्था गरिनेछ। शिक्षकको कक्षा अवलोकन, पृष्ठपोषण प्रदान, नमूना कक्षा प्रदर्शन, सहपाठी कक्षा अवलोकनका कार्यक्रमहरुलाई सबै विद्यालयमा विस्तार गर्नुका साथै प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

४०.सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला (ICT Lab) को संचालनमा देखिएका समस्या समाधान गरिनेछ।माध्यमिक र आधारभूत(कक्षा ६-८) विद्यालयहरुमा विज्ञान प्रयोगशालाको अपरेसन तालिम संचालन गरिनेछ।

४१.विद्यालयहरुमा Online Based Monitoring System को प्रभावकारी कार्यन्वयन गरिनेछ। स्थानीय पाठ्यपुस्तक निर्माण गरिनेछ।विद्यार्थीको नतिजा तथा सिकाइ उपलब्धीलाई शिक्षकको कार्यसम्पादन सँग आवद्ध गरी सो का आधारमा वृत्ति विकास तथा दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ।

४२.गाउँपालिका भित्र आवासीय माध्यमिक विद्यालय सञ्चालन गर्नका लागि सम्भाब्यता अध्ययन गरिनेछ।विद्यालयको सिकाइ उपलब्धीको परीक्षण गरिनेछ।विद्यालय र शिक्षकको स्वमूल्याङ्कनको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

४३. प्रधानाध्यापक सँगको कार्यसम्पादन सम्झौतालाई प्रधानाध्यापक मूल्याङ्कनको मुख्य आधार बनाइनेछ।गाउँपालिका स्तरमा विषयगत शिक्षक समिति निर्माण गरी त्यसको क्षमता अभिवृद्धि गर्ने र सो समितिलाई शिक्षकको पेसागत विकासमा उपयोग गरिनेछ।प्रधानाध्यापक पुन नियुक्तिको प्रक्रिया सुरु गरिनेछ।यसको मापदण्ड **नेतृत्व क्षमता र विद्यालय विकास प्रस्ताव**मा आधारित हुनेछ।

४४. विद्यार्थी संख्याको आधारमा विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान गर्ने नीति अबलम्वन गरिनेछ।**नमूना विद्यालयको अवलोकन भ्रमण**को कार्यक्रम राखिनेछ।सबै विद्यालयमा सफा शौचालय अभियान संचालन गरिनेछ।

४५. सबै विद्यालयमा इन्टरनेट जडान, डिजिटल हाजिरी, डिजिटल बोर्ड स्मार्ट बोर्ड र बालबालिकाको बसाई व्यवस्थापन गरिनेछ।विद्यालयस्तर देखी प्रतिभावान खेलाडी उत्पादन गर्न विद्यार्थीमा लगानी गर्ने नीति लिइनेछ।शिक्षकहरुको भर्ना गर्दा योग्यता स्वच्छता र निष्पक्षता मुल मन्त्र बनाईनेछ ।

४६. शिक्षामा गुणस्तर अभिवृद्धि गर्न पालिकाभित्र कार्यक्षेत्र बनाएर काम गरिरहेका गैरसरकारी संस्थाहरु संग साझेदारी गरिनेछ।प्रत्येक शुक्रबारको दिनलाई विद्यार्थीलाई **बुक फ्री डे** अर्थात् अतिरिक्त क्रियाकलाप र सिर्जनात्मक क्रियाकलाप गर्न प्रेरित गरिनेछ।

४७. सबै विद्यालयलाई दिवा खाजामा जङ्कफुट पूर्णरुपमा बन्देज लगाइनेछ।विद्यालयमा करेसाबारी निर्माणलाइ अभियानको रुपमा लगिनेछ।सम्पूर्ण माध्यमिक विद्यालयमा अभिभावक, विद्यार्थी र शिक्षकको सुमधुर सम्बन्ध बनाई शिक्षा गुणस्तर कायम गर्न शिक्षक अभिभावक विद्यार्थी **म्युजिकल पिटी र उत्प्रेरक शिविर** सञ्चालन गरिनेछ।शिक्षकहरुलाइ कार्यसम्पादन आधारित दण्ड र पुरुस्कारको नीति अबलम्वन गरिनेछ। **अतिथि शिक्षक शिक्षण (Guest Class)** गर्नका लागि बिज्ञ समूह र ब्यक्तिलाई आमन्त्रण गरिनेछ।

४८. आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह ९- १० मा अग्रेजी, गणित र विज्ञान विषयको पठनपाठनका लागि शिक्षण सिकाइ अनुदान उपलब्ध गराइनेछ। विद्यालयको शैक्षिक गुणस्तर उकास्नमा **अभिभावकको सहयोग** परिचालन गरिनेछ।

४९. नेपाल सरकार र प्रदेश सरकारसँगको सहकार्यमा Big School को अवधारणालाई विस्तारै कार्यान्वयनमा ल्याइनेछ।पालिकाभित्रकै अन्तरविद्यालय भ्रमणको लागि विद्यालयलाइ प्रोत्साहन गरिनेछ।

५०. **उत्कृष्ट विद्यालय, उत्कृष्ट प्रधानाध्यापक, उत्कृष्ट शिक्षक, उत्कृष्ट अभिभावक र उत्कृष्ट विद्यार्थी** गाउँसभाबाट सम्मानित र पुरुस्कृत गरिनेछ। कक्षा ८ र एसइइ परिक्षामा उत्कृट जिपिए हासिल गरेका चरित्रवान जेहेन्दार एक/एक जना छात्रा र छात्रालाइ पालिकाले विशेष सम्मानको कार्यक्रम ल्याउनेछ।

५१. शिक्षाको विकास र समुन्नतिको लागि विकास साझेदार संघसंस्था संग **द्धिपक्षीय तथा बहुपक्षीय सम्झौता र लगानी साझेदारी**को नीति अबलम्वन गरिनेछ।

५२. शैक्षक गुणस्तर सुधार गर्न पढाइ तथा सीप विकासमा अभिप्रेरित गर्न **लिटिल शिक्षक**को अवधारणा कार्यन्वयन गरिनेछ।

## पोषित समाजको आधारः स्वास्थ्यमा सुधार

५३. महिला स्वास्थ्य स्वयंसेविका र आमा समूह मार्फत गाउँ टोलसम्म स्वास्थ्य सेवा र परामर्श सम्बन्धी कार्यक्रमलाई विस्तार गरी अभिलेखीकरण र प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५४. मानसिक र शारीरिक स्वास्थ्यका लागि पालिकामा योग शिविर सञ्चालन गरिनेछ। खान पान ब्यायम र आरामका बारेमा जनचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ। **छत्रेश्वरीको जडीबुटी छत्रेश्वरीको औषधी** कार्यक्रम अन्तर्गत यिनको प्रयोग, भण्डारण र उत्पादनको पाइलट परियोजनाको सुरुवात गरिनेछ। पंचकर्म उपचार पद्धतिलाइ थप सुदृढ गरिनेछ।

५५. आयुर्वेद सेवा कार्यक्रमलाइ निरन्तरता दिदै उक्त सेवालाइ स्थानीय स्तरमा सहज रुपमा पुग्ने ब्यवस्था गरिनेछ।

५६. सबै स्वास्थ्य संस्थाबाट निःशुल्क रुपमा हुने सबै सेवाहरूलाई थप व्यवस्थित र मर्यादित गरिनेछ। समुदाय स्तरमा नसर्ने रोग सम्वन्धी स्क्रीनिङ फागुन महिना भित्रै सम्पन्न गरिनेछ। खोप कार्यमा संलग्न स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहनको ब्यवस्था गरिनेछ । स्वास्थ्य संस्थाहरुलाई न्यूनतम् सेवा मापदण्डको प्रगतिको आधारमा मूल्याङ्कन गरी सुदृढीकरण गरिनेछ। स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुने सबै सुत्केरी महिलाहरुलाई प्रोत्साहन रकम उपलब्ध गराइनेछ। घरमा सुत्केरी हुने /गराउने प्रवृतिलाई निरुत्साहित गरिनेछ ।

५७. आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच सुनिश्चितताको लागि गुणस्तरीय स्वास्थ्य सम्बन्धी उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यक्रमलाई कार्यन्वयन गर्न संघ, प्रदेश र अन्य सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंग समन्वय, सहकार्य र साझेदारी गरिनेछ।

५८. गर्भवती र सुत्केरी आमाको मृत्युदरलाई शुन्यमा झार्न विगतमा अपनाइको नीति तथा कार्यक्रमलाई निरन्तरता दिदै प्रसुति चेकजाँच र रेफरका लागि निशुल्क एम्बुलेन्स सेवा र पोषण तथा सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ।

५९. स्वस्थ समाजको विकास गर्न मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्महत्या रोकथाम सम्वन्धी जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ। सुरक्षित मातृत्व र नवजात शिशु स्याहार कार्यक्रमलाइ थप प्रभावकारी बनाइ लागु गरिनेछ।

६०. स्वास्थ्य प्रवर्धन कार्यक्रमलाइ प्रभावकारी रुपमा संचालन गर्न आयुर्वेद योग प्राकृतिक तथा बैकल्पिक चिकित्सालाइ बैज्ञानिक तवरले ब्यवस्थित गर्दै लगिनेछ।

## स्वस्थ जीवनको सुरुवातः सुरक्षित पानी र सफा वातावरण

६१. एक घर एक धाराको अवधारणा अनुरुप शुद्ध खानेपानी उपलब्ध गराउन संघ प्रदेश पालिकाको सुस्वा परियोजना लगायत विभिन्न सँस्थाहरु सँग मिलेर आगामी आर्थिक बर्षमा अधिकांश खानेपानी आयोजनाहरु सम्मपन्न गरिनेछ। पालिकामा रहेको वास इकाइलाइ परियोजना अवधि समाप्ती पश्चात खानेपानी तथा सरसफाइ शाखाको रुपमा संस्थागत गरिनेछ।

६२. सुरक्षित खानेपानी संरचना निर्माण सुधार तथा स्तोरोन्नति र सेवा सहायता केन्द्र मार्फत मर्मत सम्भार विस्तारित खानेपानी सुरक्षा योजना +++ संचालन तथा कार्यन्वयन गरिने छ। वास सुशासन प्रवर्धनका कार्यक्रम संचालन गरिनेछ।

६३. मिटर सहितका एक घर एक धारा निर्माणलाइ अभियानको रुपमा अगाडी बढाइनेछ। पालिकामा रहेका सबै खानेपानी मुहानको गुणस्तर परिक्षण गरिनेछ । सुरक्षित खानेपानी समुदाय घोषणाको प्रक्रिया अगाडी बढाइनेछ । सबै विद्यालयमा WASH ब्यवस्थापन र WASH अनुशासनलाइ प्रभावकारी बनाइनेछ । पालिकामा WSAH सम्वन्धि भएका गतिविधिलाइ राष्ट्रिय स्तरको संजालमा आवद्ध गरिनेछ । पानीका स्रोत संरक्षणलाइ विशेष प्राथामिकता दिइनेछ ।

६४. पुर्ण सरसफाइमा आधारित ब्यक्तिगत,घरायसी तथा संस्थागत सरसफाइ तथा स्वच्छता, मर्यादित महिनावारी सरसफाइ प्रवर्धन र विद्यालयमा तीनतारा मापदण्ड सम्वन्धी क्रियाकलापहरु संचालन गरिनेछ। घरघरमा डोको डस्टबिन राख्न अभियान संचालन गरिनेछ। धारा नजिकै चाङ र जुठेल्नो निर्माण गर्न अभिप्रेरित गरिनेछ ।

६५. पूर्ण सरसफाईयुक्त गाउँपालिका निर्माणका लागि सबै बस्ती र टोलहरुमा हप्ताको एक दिन स्वयंसेवी रुपमा सरसफाई अभियान सञ्चालन गर्न प्रेरित गरिनेछ।

६६. टोल विकास संस्थामार्फत कुहिने र नकुहिने फोहर बर्गीकरण गरी टोलस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालनका साथै फोहरको पुनः प्रयोग तथा आफूले गरेको फोहरको ब्यबस्थापन आफै गर्नुपर्ने अन्यथा व्यवस्थापनका लागि थप शुल्क व्यहोर्नुपर्ने नीति अबलम्बन गरिनेछ। स्थायी डम्पिङ साइट निर्माणका लागि उपयुक्त स्थानको खोजी गरी निर्माण कार्य अघि बढाइनेछ ।

६७. स्वच्छ खानेपानीमा सबैको पहुँच अभिवृद्धि गरिनुका साथै सरसफाई र फोहरमैला तथा गाउँघरमा ढल निकास व्यवस्थापनमा विशेष ध्यान दिइनेछ।

६८. खानेपानी आयोजना दिगो बनाउन समुदायको लागत सहभागितालाइ अनिवार्य गरिनेछ। खानेपानीका मुहान संरक्षण गर्न वृक्षारोपणमा जोड दिइनेछ। खानेपानीका लागि ग्राभिटी फ्लो लाइ पहिलो प्राथमिता दिइने छ । कुनै विकल्प नभएका क्षेत्रमा मात्र लिफ्टिङ आयोजनाहरु कार्यन्वयन गरिनेछ ।

६९. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ। बजार ब्यवस्थापन समिती र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

## समावेशी स्थानीय सरकारः समता र समानता सबैको साझा अधिकार

७०. विद्यालयहरुमा बालक्लब तथा बालसञ्जाल पुनर्गठन गरिनेछ। विविध खर्च खाता अन्तर्गत बालकोष,लैंगिक हिंसा निवारण कोष र नागरिक उपचार सहायत कोष स्थापाना कार्यविधिका आधारमा गरिनेछ।

७१. मनोसामाजिक समस्यामा परेका ब्यक्तिका अभिभावकलाइ अभिभावक शिक्षा संचालन गरिनेछ ।बालमैत्री स्थानीय शासन कार्यन्वयन कार्यविधि तर्जुमा गरी कार्यन्वयनमा ल्याइनेछ। समाजमा रहेका बालश्रम, बालविवाह, बहुविवाह, दाइजो प्रथा जस्ता सामाजिक कुसंस्कारका विरुद्ध सचेतनामूलक कार्यक्रम तथा अभियान सञ्चालन गरिनेछ।सामाजिक रुपमा बहिष्करण, बञ्चितीकरण र पछाडि परेका व्यक्तिहरुलाई मापदण्ड बमोजिम सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रममा ल्याइनेछ।

७२. सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्न विभिन्न कार्यक्रमहरुलाई अन्तरसम्बन्धित बनाइ सञ्चालनमा ल्याइनेछ। लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।दलित महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि आयआर्जन तथा जीविकोपार्जनका कार्यक्रमहरु संचालन गरिनेछ।

७३. भौतिक पुर्वाधार तथा अन्य विकासका कार्यक्रमहरुमा सामाजिक उत्तरदायित्व पुरा गर्न टोल विकास संस्थाहरुलाइ प्रभावकारी रुपमा परिचालन गरिनेछ।सुनौलो हजार दिनका महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ ।गाउँपालिकाका सबै वडालाइ क्रमश बालमैत्री वडा घोषणा गर्ने नीति अबलम्बन गरिनेछ। लैङ्गिक उत्तरदायी बजेट निर्माण गरी समतामूलक पहुँच र सहभागितामा जोड दिइनेछ।

७४. बालविवाह अन्त्य गर्न अभियानकै रुपमा कार्यक्रम संचालन गरिने छ।गर्भवती महिला सुत्केरी अपाङ्गता भएका ब्यक्ति जेष्ठ नागरिक एकल महिला र आर्थिक अबस्था हेरी आर्थिक सहायता प्रदान गरिने छ।स्थानीय तहमा बालबालिकाको तथ्याङ्क संकलन ब्यवस्थापन र अद्यावधिक गर्न स्थानीय प्रणालीको विकास गरिनेछ।

७५. विभिन्न कारणले जोखिममा रहेका बालबालिकाको विद्यालय शिक्षामा निरन्तरता दिन शैक्षिक सहायता कार्यक्रमको व्यवस्था गरिनेछ।

७६. महिला तथा किशोरकिशोरीहरुका लागि आधारभुत स्तरको सरसफाई तथा मर्यादित महिनावारी सम्बन्धी विभिन्न कार्यक्रमहरु अभियानकै रुपमा संचालन गरिनेछ।**अध्यक्ष संग बालबालिका** कार्यक्रम संचालन गरिनेछ।

७७. अपाङ्गमैत्री भौतिक संरचनामा जोड दिइनेछ।अपाङ्गता सम्वन्धि **विचार ब्यवहार र संरचनामा** आवश्यक लगानी गरिनेछ।

७८. वडामा गइ वितरण गर्दै आएको सामाजिक सुरक्षा भत्तालाइ विस्तारै नागरिक आफैले लिन नेपाल इन्भेस्टमेन्ट मेगा बैंक संग साझेदारी गरी सबै नागरिकको चेक जारी गर्न पहल गरिनेछ।

**गाउँसभाका सदस्य ज्यूहरु,गाउँपालिकाबासी आमाबुवा तथा दाजुभाई दिदी बहिनीहरु,**

**स्थानीय कला संस्कृतिको सम्मानः हाम्रो मौलिक विकासको प्रमाण**

७९. स्थानीय कला, साहित्य,संगीत, परम्परागत संस्कृतिको संरक्षण तथा सम्बर्द्धनका लागि बिशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८०. छत्रेश्वरी गाउँपालिका प्रज्ञा प्रतिष्ठान विधेयक पारित गरि कला,साहित्य,संगित को संरक्षण तथा प्रबर्द्धन गरिने छ।स्थानीय स्तरमा पुस्तकालय स्थापना गरि मौलिक लोक संगीत ,चित्रकला दस्तावेज सुरक्षित गरिने छ ।स्थानीय साहित्यकार तथा कविहरुलाई सम्मान गरिनेछ ।

८१. लोप हुन लागेका स्थानीय संस्कृतिको संरक्षण तथा जगेर्नाका लागि समाजमा रहेका ज्येष्ठ नागरिकहरुबाट पुस्तान्तरण गर्न युवाहरुलाई परिचालन गरिनेछ।

८२. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी प्रस्तुत गरिनेछ। सास्कृतिक सम्मेलन आयोजना गरी छत्रेश्वरीबाट कला साहित्य र संगीत क्षेत्रमा विशेष योगदान पुर्याउने श्रष्टालाइ सम्मान गर्ने नीति अबलम्वन गरिनेछ।पुराना मठ मन्दिर तथा ऐतिहासिक स्थानलाई संरक्षण गरिने छ। विद्यालयमा संस्कार र संस्कृतिक सम्वन्धी शिक्षा तथा चेतनाको अभिवृद्धी गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

## दिगो पुर्वाधारः समृद्ध आधार

८३. लान्ती लेखपोखरा दहखोला बुराँसे झ्याम र शंखमुल जयचौर खर्सुवास सडकको स्तोरोन्नति गरिनेछ।शंखुल-जयचौर-खर्सुवास, लान्ती -लेखपोखरा- बुँरासे -झ्याम, मोख्ला -दमाचौर -बुराँसे -झ्याम सडकलाइ पालिकाका रणनीतिक तथा **सर्वयाम सडकका** रुपमा विकास गरिनेछ।पालिकाका मुख्य **आर्थिक गतिविधिहरु** यसै सडक खण्डमा केन्द्रित गरिनेछ।

८४. **पौष अगावै सबै आयोजना तथा कार्यक्रम**को सम्झौता गरी कार्यन्वयन गरिनेछ।पालिकाका पुर्वाधार प्रयोगशाला स्थापना गरी सबै आयोजनाहरुको गुणस्तर परिक्षण गरिनेछ।

८५. सबै टोल र बस्तीमा विद्युत विस्तार गर्न नेपाल विद्युत प्राधिकरण सल्यानवितरण केन्दसंग समन्वय गरिने छ ।छत्रेश्वरी गाउँपालिकाका बाँकी रहेको सबै वडा कार्यालय भवनहरुलाइ आगमी आर्थिक बर्षमा सम्पन्न गरिनेछ।आगामी आव देखी ७ वटै वडाका आफ्नै प्रशासनिक भवनबाट सेवा प्रदान गरिनेछ ।

८६. उपभोक्ता समितिलाई **आफ्ना सन्निकटताका आयोजनाहरु आफै मर्मत सम्भार** गर्न प्रोत्साहन गरिनेछ। मुख्य बजार क्षेत्रमा सडक बत्ती र सिसिटिभि क्यामेरा जडान गर्ने नीति लिइनेछ।

८७. पुर्वाधार विकासलाइ दीगो रोजगारी संग आवद्ध गरिने छ।ट्र्याक ओपन भएका कच्ची सडकमा शारदा नदीको ढुङ्गा गिट्टी र बालुवा प्रयोग गरी ग्राभेलिङको नीति अबलम्बन गरिने छ।सडक छेउमा रुख रोप्ने (BIO ENGINEERING ) तथा हरियाली प्रवर्धन गर्ने नीति अबलम्वन गरिनेछ।

८८. नक्सा पास गरी घर निर्माण गर्ने प्रक्रियाको सुरुवात गरिनेछ।घर निर्माण कार्यको नियमित अनुगमन गरी मापदण्ड विपरिथ निर्माण गर्ने कार्य रोकी नक्सापास र अभिलेखीकरण प्रक्रियालाइ ब्यवस्थित बनाइनेछ ।

८९. बढ्दै गएको असन्तुलित र पत्रु खानाले स्वास्थ्यमा देखिने असर न्युनिकरण गर्न सर्वसाधारणको पहुँच हुने गरी खुल्ला ब्यायमशाला (FITNESS PARK) निर्माणको अवधारणा अगाडी बढाइनेछ।

९०. स्रोत सुनिश्चत हुन सक्ने आयोजनाको मात्र विस्तृत परियोजना प्रतिवेदन तयार पारिनेछ।आगामी आर्थिक बर्षदेखी पालिकाभित्र निर्माण हुने पुर्वाधारलाइ दिगो बनाउन लागि गुणस्तर परिक्षण सेवाको सुरुवात गरिनेछ ।विभिन्न गैरसरकारी संस्था संग पुर्वाधार निर्माणको क्षेत्रमा सहलगानीको सिद्धान्त अबलम्वन् गरिने छ ।

९१. गाउँपालिकाको प्रथम आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्न अन्तरसरकारी तहमा पहल गरी साझेदारी विकास मार्फत भौतिक पूर्वाधारहरु निर्माण गरिनेछ।

९२. गाउँपालिकाको आर्थिक विकासमा योगदान पुर्याउने,पालिकाबासीहरुको जीवनस्तर उकास्ने र दीर्घकालीन रुपमा आय वृद्धि गर्ने खालका आयोजनाहरु स्रोत साधन र क्षमताको आधारमा क्रमशः कार्यन्वयनमा प्राथमिकता दिइनेछ।

९३. सडक गुरुयोजना अनुरुप सार्वजनिक भवनहरु निर्माणका साथै सडक यातायात नपुगेका बस्तीहरुमा वातावरणीय प्रभाव परीक्षण तथा मूल्याङ्कनका आधारमा नयाँ सडकहरु निर्माण तथा स्तरोन्नति कार्य गरिनेछ।

९४. बाक्ला बस्तीहरु भएको स्थानहरुमा सडक, सार्वजनिक शौचालय, फोहर ब्यबस्थापन, खानेपानी, विद्युत जस्ता पूर्वाधारहरु एकीकृत रुपमा निर्माण गर्ने कार्यलाई जोड दिइनेछ।

९५. तहगत समन्वय, सहकार्य र साझेदारी मार्फता सूचना तथा सञ्चारको सहज पहुँच स्थापना गरिनेछ। भरपर्दो सञ्चार सुविधा सुनिश्चिताका लागि आवश्यक पहल गरिनेछ।

९६. पूर्वाधार निर्माण गर्दा वातावरणीय रुपमा कम असर पुर्याउने र दीगो एवं टिकाउयोग्य पूर्वाधारहरु निर्माणमा विशेष ध्यान दिइनेछ।

९७. विगत देखिका भौतिक पुर्वाधारका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

९८. **समृद्ध वडा सक्षम पालिकाको अवधारणा अनुरुप एक वडा एक गौरवको आयोजना**लाइ प्राथामिकतामा राखी कार्यन्वयन गर्ने नीति लिइनेछ।७ वटै वडाका केन्द्रसम्म क्रमशः नाली सहित सडक ग्राभेलिङको नीति अबलम्वन् गरिनेछ।

९९. पालिकाको प्रशासनिक भवन निर्माणको लागि जग्गा प्राप्तिको कार्यलाइ प्राथमिकताका साथ अगाडि बढाइनेछ।ठेक्का ब्यवस्थापन बाहेक पालिकामा रहेका डोजर स्काभेटर टिप्परको प्रयोग गरी सडक सुधार, सडक चौडा तथा स्तोरोन्नतिको नीति लिइनेछ।

१००. १५लाख भन्दा माथिका आयोजनालाइ इ-बिडिङ मार्मत घटिघटाउमा कार्यन्वयन गर्ने नीति अबलम्वन गरिनेछ। ३ लाख भन्दा मुनिका आयोजनाको अनुगमन लगायतका सम्पुर्ण कार्य वडास्तरबाटै टुङ्गयाउने नीति अबलम्बन गरिनेछ।

## <u>हरेक छत्रेश्वरीबासीको दायित्व :वातावरण संरक्षण र विपत पुर्वतयारीमा अभिभावकत्व</u>

१०१. आपतकालीन कार्यसंचालन संचालन गरी विपत पुर्वतयारी तथा विपत ब्यवस्थापनलाइ प्रभावकारी बनाइनेछ।छत्रेश्वरी गाउँपालिकाको मुख्य प्रशासनिक भवन लगायत वडा कार्यालय, स्वास्थ्य संस्थाहरु र विद्यालयहरुमा **हरित उद्यान** बनाउन प्रेरित गरिनेछ।

१०२. नेपाल सरकार, प्रदेश सरकार र सम्बन्धित निकायसंगको समन्वय र सहकार्यमा निजी वन ब्यबस्थापन, राष्ट्रिय वन संरक्षण, सामुदायिक बन संरक्षण,बनजंगल संरक्षण र बाझो जग्गा तथा नदी उकासको जमिनमा बृक्षारोपण कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।सिसाजन्य फोहोरलाइ जथाभावी फाल्ने र डम्पिङ गर्ने प्रबृतिलाइ निरुत्साहित गरिनेछ।आफ्नो फोहोर आफै ब्यवस्थापन नगर्नेलाइ दण्ड जरिवानाको नीति Polluters Pay principle अबलम्बन गरिनेछ।

१०३. विकास आयोजनाहरु सडक,भवन, खानेपानी, सिंचाइ,पुलपुलेसा निर्माण गर्दा मासिन गएका रुखहरुको स्थानमा बोटबिरुवा वृक्षारोपण गरी हरितमैत्री वातावरण कायम गर्न जोड दिइनेछ।टोलटोलमा पीपल चौतारी बनाउन अभियान संचालन गरिनेछ।

१०४. बनजङ्गलमा क्षति पुर्याउने खालका गतिबिधिहरु जस्तोः-आगलागी, जथाभावी रुख फडानी र काष्ठपैदावरहरुको चोरी निकासी गर्नेलाई कानुन बमोजिम क्षतिपूरण गराउने ब्यबस्था कडाईका साथ लागु गरिनेछ।

१०५. नर्सरी निर्माण, डाले घाँस विस्तार, एक घर एक फलफूल विस्तार, झाडी बुट्टयान र वन नभएका क्षेत्रमा उपयोगी बिरुवा रोपण र औषधीजन्य बहुउपयोगी वृक्षारोपण गर्ने कार्यलाई प्रवर्द्धन गरिनेछ।

१०६. जलवायुमैत्री तथा वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिई जैविक विविधताको संरक्षण, संवर्द्धन तथा जलवायू अनुकुलन मार्फत पर्यापर्यटनमा जोड दिइनेछ।

१०७. प्राकृतिक प्रकोषका कारण उद्दार, राहत तथा जोखिम न्युनीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न **प्रकोष ब्यवस्थापन कोष**लाई उपयोगमा ल्याइनेछ।खोज, उद्दार, राहत, पुनस्थापना कार्यलाई योजनाबद्ध रुपमा

व्यवस्थित गर्न पालिका तथा समुदायस्तरमा द्रुत प्रतिकार्य टोलीलाई आवश्यक सामग्री सहित तयारी अबस्थामा राखिनुका साथै आपतकालीन कार्य सञ्चालन केन्द्रलाई थप शसक्त र ब्यवस्थित बनाइनेछ।

१०८. विकासका हरेक कार्यलाई विपद् जोखिम आंकलन गरेर प्रकोप न्युनकीकरका माध्यमबाट कार्यन्वयन गर्नुपर्ने नीति कार्यन्वयनमा ल्याइनेछ।एक वडा एक उद्धार स्वंयसेबक टोली गठन तथा परिचालन गरिने छ ।

१०९. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

११०. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ।

१११. स्थानीय प्रकोप ब्यवस्थापन कोषलाई बलियो बनाउन ब्यक्ति, समूह, फर्म ,सरकार तथा विभिन्न सरकारी तथा गैरसरकारी संघ सस्थालाई आह्वान गरिनेछ।विपत ब्यवस्थापनको क्षेत्रमा विभिन्न संघ सस्थाको सहयोगलाइ परिचालन गरिनेछ।

११२. लोपउन्मुख जडीबुटी ,चुत्रो, मचाइनो, ऐसेलु , निउरो, सतुवा ,पाँचऔले ,चिराइतो, पाखनवेत, पदमचाल्नु लगायतका जडीवुडी संरक्षण र सम्वर्द्धन गर्दै लगिनेछ।वन तथा बनजन्य उद्योग (जुस उद्योग, अमला खेती, रिठा खेती) संचालनलाइ प्रोत्साहन गरिनेछ।बाझो जमिनको उपयोग गरी खेती गर्ने किसानलाइ अभिप्रेरित गरिनेछ। ताल तलैया संरक्षण तथा रिचार्ज पोखरी संरक्षणलाइ विशेष जोड दिइनेछ।

११३. सामुदायिक वनको कुल आम्दानीको १० प्रतिशत रकम गाउँपालिकाको आन्तरिक आयको रुपमा ल्याइनेछ।प्राकृतिक स्रोत साधनको संरक्षण गर्नेले उपभोग गर्नेबाट निश्चित रकम पाउने(Payment of Environmental System) ब्यवस्था गर्ने नीति लिइनेछ।

**गाउँसभाका सदस्य ज्यूहरु,गाउँपालिकाबासी आमाबुवा तथा दाजुभाई दिदी बहिनीहरु,**

**<u>स्मार्ट सोच, स्मार्ट प्रविधि, स्मार्ट छत्रेश्वरी</u>**

११४. सरकारी एकीकृत कार्यालय ब्यवस्थापन प्रणाली (GIOMS) लागु गर्दै लगिनेछ।संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी प्रदेश कर्मचारी अभिलेखालयमा पद दर्ताको प्रक्रिया अगि बढाइनेछ।

११५. **मेरो काम मेरो अभिलेख :मेरो अभिलेख मेरो प्रविष्टी** अन्तर्गत सबै शाखालाइ जिम्मेवार बनाइ स्थानीय शासन कार्यसम्पादान मूल्याङ्कन(LGPAS) सर्वोउत्कृष्ट नतिजा हासिल गरी पालिकाको शासकीय सुधार र संस्थागत क्षमता वृद्धि गर्न प्रत्येक शाखालाइ उत्तरदायी बनाइनेछ।

११६. **सेवा ग्राही लाइनमा होइन अनलाइनमा** भन्ने भावलाइ आत्ससाथ गर्दै डिजिटल पालिका अन्तर्गत डिजिटल प्रोफाईल update गरी सेवा प्रवाहलाई एकीकृत प्रणालीसँग आबद्ध गरि यस पालिकालाई प्रविधि मैत्री डिजिटल पालिकामा परिणत गर्ने कार्य अगाडि बढाइनेछ।

११७. आम नागरिकलाई डिजिटल साक्षरता अन्तर्गत स्थानीय नागरिक, कर्मचारी, जनप्रतिनिधि, स्वास्थ्य संस्था, विद्यालय लगायत सेवाप्रवाहसँग सम्बन्धित पक्षहरूलाई लक्षित गरी Digital Literacy (डिजिटल साक्षरता) सम्बन्धी कार्यक्रम लागू गरिनेछ।

११८. एकीकृत व्यवस्थापन प्रणाली (Integrated Management System) सम्बन्धी कार्ययोजना बनाई पालिकाका विविध सेवा प्रणालीहरूलाई एकीकृत गरि सेवा प्रवाह विस्तार गरिनेछ।

११९. एकीकृत सेवा प्रवाह सञ्चालन गरि प्रभावकारी बनाउन जनप्रतिनिधि तथा कर्मचारीहरूलाई सूचना प्रविधिसम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ।

१२०. पालिकाबाट प्रदान गरिने सेवाहरू तथा सूचनाहरू अनलाइनमार्फत प्रशारण गरिनेछ र वडा कार्यालयबाट उपलब्ध हुने सेवा सुविधालाई विद्युतीय प्रणाली बाट अझ प्रभावकारी बनाइनेछ।

१२१. सेवा प्रवाहमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, डिजिटल नागरिक वडापत्र, डिजिटल सूचना पाटी (Digital Notice Board), सामाजिक सञ्जाल लगायत प्रविधिहरूको समन्वयमा सेवा प्रवाह गरिनेछ।

१२२. पालिकाबाट सञ्चालन हुने क्रियाकलापहरूमा नवप्रवर्तन (Innovation) लाई विशेष प्राथमिकता दिइनेछ। डिजिटल गुनासो व्यवस्थापन प्रणाली स्थापना गरिनेछ जसअन्तर्गत 'हेलो छत्रेश्वरी गाउँपालिका मार्फत गुनासो तथा सुझावलाई छिटो समाधान गरिनेछ। यस्तो व्यवस्था वडा तहसम्म विस्तार गरिनेछ।

१२३. अनुगमन प्रणाली, तथ्याङ्क संकलन तथा सुशासन प्रवर्द्धन जस्ता विषयहरूलाई विद्युतीय माध्यमद्वारा बढीभन्दा बढी अनलाइनमा आधारित बनाइने नीति लिईने छ।

१२४. पालिकामा डिजिटल डाटा सुरक्षा तथा साइबर सुरक्षा सुनिश्चित गर्न नीतिगत व्यवस्था बनाई कार्यान्वयन गरिनेछ। यस अन्तर्गत डाटा ब्याकअप प्रणाली, फायरवाल तथा साइबर सुरक्षा परीक्षण गरिनेछ।

१२५. शिक्षा क्षेत्रमा सुधार गर्न पालिका क्षेत्रभित्रका विद्यालयहरूमा ई-लर्निङ प्रणाली, स्मार्ट कक्षा तथा ICT प्रयोगशाला स्थापना गरिनेछ। युवा लक्षित डिजिटल उद्यमशिलता तालिम, वेब तथा मोबाइल एप विकास, साइबर सुरक्षा तथा नवप्रवर्तन सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

१२६. पालिकाको वेबसाइट तथा मोबाइल एपमा कृत्रिम बुद्धिमत्ता (AI) आधारित च्याटबोट सेवा विकास गरि नागरिकका सामान्य जिज्ञासाहरूको डिजिटल उत्तर प्रणाली लागू गर्न सम्भाब्यता अध्ययन गरिनेछ।

१२७. विद्युतीय सार्वजनिक खरिद प्रणाली (E-Procurement System) विकास गरि पालिकाको सम्पूर्ण खरिद प्रक्रिया पारदर्शी, प्रतिस्पर्धात्मक र कुशल बनाइनेछ।

१२८. पालिकाको एकीकृत प्रणालीलाई क्लाउड कम्प्युटिङमा आधारित बनाइ सेवा प्रवाहको मापदण्ड बढाइनेछ। सबै वडा तथा सम्बन्धित कार्यालयहरू एकीकृत नेटवर्कमा आबद्ध गरिनेछ।

१२९. ई-गभर्नेन्स प्रवर्द्धन गर्न पालिकाको सम्पूर्ण नीति, निर्णय, बजेट र योजना कार्यान्वयन स्थिति सार्वजनिक पोर्टल निर्माण गरिने गरिनेछ ।

१३०. पालिकास्तरमा हुने सार्वजनिक सुनुवाई, बजेट सुनुवाई र सामाजिक परीक्षण कार्यक्रमहरू डिजिटल माध्यमबाट प्रत्यक्ष प्रशारण (Live Streaming) गरिनेछ जसले जनसहभागिता र पारदर्शिता बढाउनेछ।

१३१. सम्पुर्ण कागजी अभिलेखलाइ डिजिटलाइज गरी सुरक्षित **डिजिटल भण्डारको** व्यवस्था अनिवार्य गरिनेछ।

**गाउँसभाका सदस्य ज्यूहरु,गाउँपालिकाबासी आमाबुवा तथा दाजुभाई दिदी बहिनीहरु,**

## <u>इमान्दार काम:राम्रो शासनको नाम</u>

१३२. कार्यपालिकाका समितिहरुलाइ आवश्यकता र औचित्यतताका आधारमा पुनर्गठन गरी बार्षिक रुपमा गर्ने काम संस्थागत गरिनेछ ।कार्यपालिकाका समिति र सभाका समिति बिचको समन्वयात्मक भूमिका स्पष्ट पारिनेछ ।सेवा करारका कर्मचारीहरुलाइ **कार्यसम्पादन मूल्याङ्कनका** आधारमा मात्र सेवाको नवीकरण गर्ने नीति लिइनेछ।

१३३. आगामी आर्थिक बर्ष देखी सभाका समितिहरु पुनगर्ठन गरी क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।विधायकी अभ्यास र सभाका समितिहरुको काम कर्तब्यहरु ब्यवस्थित गरिनेछ।मिनि सभाका रुपमा समितिहरुलाइ कानुन निर्माणमा प्रशस्त अभ्यास गर्नका लागि आवश्यक स्रोत साधनहरु ब्यवस्था गरिनेछ ।सभाका समितिहरुलाइ गाउँ सभा नचलेको समयमा समेत काम गर्ने अवसर प्रदान गरिनेछ ।

१३४. **डोर टु डोर सेवा** प्रणालीको अवधारणा अन्तर्गत विभिन्न शिविर र ७ वटै वडामा घुम्ती सेवा प्रणाली को नीति लिइनेछ।आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ।

१३५. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा मात्र सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।

१३६. अन्य स्थानीय तह तथा संघसंस्थाहरुले गरेका राम्रा अभ्यासबाट ज्ञान आर्जन, क्षमता विकास हुने खालका अध्ययन, अवलोकन तथा भ्रमण आवश्यकताका आधारमा गरिनेछ।

१३७. बिनियोजन कुशलता र बजेट खर्च गर्ने क्षमता अभिवृद्धिमा जोड दिइनेछ। सार्वजनिक खरीद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरयुक्त बनाइनेछ साथै विभिन्न संघ संस्था तथा गाउँपालिका द्धारा गरिने सम्पुर्ण कार्यक्रममा स्टेशनरी सामानको प्रयोग बन्द गरिने छ।

१३८. **पहिले दर्ता अनि सेवा (No Register No Service) भन्ने मुल नारालाइ सबै क्षेत्रमा लागु गरिनेछ ।**ब्यक्तिगत घटना दर्तालाइ सतप्रतिशत बनाउन घटना दर्ता नभएकोले सेवा नपाउने नीति अबलम्बन गरिनेछ ।

१३९. सामाजिक सुरक्षा तथा ब्यक्तिगत घटना दर्तालाइ प्रभावकारी बनाउन आ.व २०८३/८४ देखी बायोमेट्रिक प्रणालीमा (फेस लक) जोडिनेछ ।स्थानीय तहका पञ्जिकाधिकारी तथा वडास्तरका जनप्रतिनिधिहरुलाइ घटना दर्ता सक्रियता अभिवृद्धि गर्न प्रशिक्षित गरिने छ।

१४०. सूचनाको हकलाई प्रवर्द्धन गर्न सूचना अधिकारीको क्षमता विकास, वडा तहसम्म गुनासो सुनुवाइ संयन्त्र, नियमित र स्वतः प्रकाशन जस्ता कार्यक्रमहरुलाई प्रभावकारी बनाइनेछ।

१४१. प्रत्येक वडामा घुम्ती सेवा, सार्वजनिक सुनुवाइ ,बार्षिक प्रगति समीक्षा, अनुगमन तथा सुपरीवेक्षण र अन्य रचानात्मक कार्य अबलम्वन गरी नागरिक सन्तुष्टी अभिवृद्धि गरिनेछ।

१४२. कर्मचारीहरुमा उत्प्रेरणा र क्षमता विकास गर्नको लागि तालिम तथा प्रशिक्षण, कदर पत्र सहित सम्मान, प्रोत्साहन र पुरुस्कृत गर्ने ब्यबस्था मिलाइनेछ।मुख्य नाकाहरुमा **नगर प्रहरी बिट स्थापना** गरी राजस्व चुहावटलाइ कडाइका साथ नियमन गरिनेछ।

१४३. क्रमश पुँजीगत खर्चलाइ बृद्धि गर्दै सार्वजनिक खर्चमा मितब्ययीता कायम गरिनेछ। संस्थागत सुशासनलाइ विशेष जोड दिइनेछ।बित्तिय अनुशासन परिपालनामा जोड दिइनेछ ।खरिद ईकाईको संस्थागत क्षमता वृद्धि तथा पुन:गठन गरिनेछ **।अर्थानुशासनम** अर्थात बित्तिय अनुशासन कायम गर्न बढ्दै गएको बेरुजुको आकार घटाउनका लेखा समितिलाइ विशेष रुपमा सक्रिय गराइनेछ।

## इमान्दार करदाता :समृद्ध छत्रेश्वरीको दाता

१४४. **आजको कर भोलिको भर** भन्ने बिषयलाई आत्मसाथ गर्दै बार्षिक रुपमा संकलन हुन सक्ने राजश्व अनुमान अनुसार कर परिचालन गर्न करका दर घटाउने र दायरा बढाउदै लगिनेछ। राजस्व तिर्ने प्रणालीलाइ सरल र पारदर्शी बनाइनेछ ।

१४५. गाउँपालिकाभित्रका सबै व्यावसायहरुलाई करको दायरामा ल्याइनेछ। समयमै कर तिर्ने करदातालाइ निश्चित प्रतिशत कर छुट दिने नीति लागु गरिनेछ ।मोबाइबाटै अनलाइन प्रणाली मार्फत कर तिर्ने प्रणाली ब्यवस्थित गरिनेछ ।

१४६. करछली गर्ने र ब्यवसाय दर्ता नगरी संचालन गर्ने परिपाटी अन्त्य गरिनेछ।करका दर, कर तिर्ने समय, जरिवाना र छुट सम्वन्धमा ७ वटै वडामा अभिमुखीकरण कार्य गरिनेछ ।

१४७. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का ब्यवस्थापन समयमै सम्पन्न गरी दहत्तर बहत्तरमा हुने राजस्व चुहावट नियन्त्रण गरिनेछ।राजस्व चुहावट नियन्त्रण गर्न नेपाल प्रहरी र नगर प्रहरी संगको समन्वयलाइ प्रभावकारी बनाइनेछ।

१४८. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

## <u>शक्ति होइन समझदारी: हाम्रो न्यायिक जिम्मेवारी</u>

१४९. **स्थानीय समाधान दिगो न्याय** विवाद समाधानमा संवाद समझदारी र मेलमिलापलाइ पहिलो बिकल्पको रुपमा प्रयोग गरिने छ । न्यूनतम खर्चमा र छोटो समयमा विवाद समाधान गर्ने प्रणाली विकास गरिनेछ ।

१५०. उजुरीकर्ताको गोपनीयता संरक्षण गरिनेछ।अदालत र अन्य न्यायिक निकायसंगको सहकार्यमा विवाद समाधान प्रक्रिया सुदृढ गरिनेछ ।कुनै पनि दबाब भेदभाव वा पक्षपात विना निष्पक्ष छानवीन र निर्णय प्रक्रियामा पुग्ने नीति लिइनेछ।पीडित केन्द्रित नीति अबलम्बन गरिनेछ ।

१५१. समितिका सदस्यहरुलाइ नियमित रुपमा न्यायिक कानुनी र ब्यवहारिक तालिम दिइनेछ ।विवाद समाधानको प्रक्रिया र उपलब्धी सार्वजनिक रुपमा उपलब्ध गराइनेछ ।

१५२. विद्यालय समुदाय वा सन्जालमार्फत न्यायिक शिक्षा फैलाउने ब्यवस्था गरिनेछ ।मुद्दा फछ्यौट्ट हुन नसक्ने अवस्था र गम्भीर प्रकृतिका उजुरीलाइ सम्बन्धित निकायमा रिफर गरिनेछ ।

१५३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

१५४. उजुरी कारबाही मेलमिलाप निर्णय लगायत सम्पुर्ण अभिलेख ब्यवस्थित गरी राखिने छ ।डिजिटल फाइलिङ र रिपोर्टिङको ब्यवस्था गरिनेछ।

१५५. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न वडास्तरमा रहेका मेलमिलाप केन्द्रलाई व्यवस्थित र सक्रिय बनाईनेछ।असहाय अनपढ वा पहुँचबाट टाढा रहेका ब्यक्तिका उजुरी **प्रो एक्टिभ रुपमा टिपेर** सहजीकरण गरिनेछ।

१५६. मेलमिलाप सम्वन्धी उत्कृट काम गर्ने मेलमिलापकर्ताहरुलाइ कार्यविधिका आधारमा पारिश्रमिकको ब्यवस्था गरिने छ।बालबालिका संलग्न विवादमा संवेदनशील गोप्य र अभिभावको सहभागिताको प्रक्रिया अपनाइनेछ ।बालबालिकालाइ दण्ड भन्दा सुधारमुखी प्रक्रिया अपनाइनेछ।

१५७. घरेलु हिंसा लैङ्गिक विभेद बालश्रम जातीय छुवाछुत जस्ता विषयमा शुन्य सहिष्णुता नीति लिइनेछ।

## <u>जहाँ साझा प्रयास :त्यहाँ उज्यालो बिकास</u>

१५८. सल्यानस्थित सबै पालिकाको लगानीमा कार्यन्वयन हुने सडक परियोजना, उत्पादनमुलक उद्योग र अन्य सामूहिक परियोजनामा साझेदारीमा लगानी गर्ने नीति अबलम्वन गरिने छ।

१५९. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१६०. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ। यसमा स्थानीय जेष्ठ नागरिकहरुको भरपुर सहयोग लिईनेछ ।

१६१. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१६२. योजना तथा कार्यक्रम तर्जुमा गर्दा समावेशी तथा सहभागितामूलक योजना तर्जुमा प्रक्रियालाई अनिवार्य गरी पहिलो आवधिक योजना र मध्यमकालीन खर्च संरचनामा आधारित बनाइनेछ।

१६३. गाउँपालिकाभित्र भएका विकास निर्माण तथा अन्य कार्यक्रमहरुको गुणस्तर र नियमितताको सम्बन्धमा गाउँपालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति र वडा स्तरीय अनुगमन समितिले नियमित अनुगमन तथा प्रतिवेदन अनिवार्य गर्नुका साथै अनुगमन तथा सुपरीवेक्षणका लागि आवश्यक स्रोत साधनको ब्यबस्था मिलाइनेछ।

१६४. उपभोक्ताको हकहितलाई संरक्षण गर्न र बजार अनुशासन कायम राख्नका लागि उपभोक्ता सहित एकीकृत बजार अनुगमन गर्ने ब्यबस्था मिलाइनेछ।

१६५. उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना कार्यन्वयन सम्बन्धी तालिम तथा प्रशिक्षणको माध्यमबाट योजना कार्यन्वयन क्षमता बढाइनेछ। समयमै, गुणस्तरयुक्त र मापदण्ड बमोजिम योजना कार्यन्वयन गर्ने प्रत्येक वडाबाट १/१ गरी ७ वटा उपभोक्ता समितिलाई गाउँसभाबाट कदरपत्र सहित प्रोत्साहन गरिनेछ।

१६६. कुनै पनि सरकारी, गैरसरकारी संघसंस्था, निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिकाभित्र आयोजना, कार्यक्रम सञ्चालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृति लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप आयोजना तथा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था गरिने छ।

१६७. सरकारी तथा गैरसकारी निकायका बजेट तथा कार्यक्रम गाउँपालिकाको बजेट तथा कार्यक्रमसंग दोहोरिन नदिन बार्षिक विकास कार्यक्रममा आबद्ध हुने गरी कार्यन्वयन गर्ने ब्यबस्था मिलाइनेछ।

**अन्त्यमा,**

१६८. आर्थिक बर्ष २०८३।०८४ को यस नीति तथा कार्यक्रमले छत्रेश्वरी गाउँपालिकालाई समुन्नत नमूना गाउँपालिका निर्माण गर्ने आकाँक्षालाई आत्मसाथ गरेको छ। यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयनबाट स्थानीय उत्पादकत्व वृद्धि, जीवनयापनमा सहजता, मानव विकासमा सुधार, वातावरण संरक्षणमा योगदान, पुननिर्माण र पुनस्थापना, समता सहितको समानतामार्फत सामाजिक न्याय र गुणस्तरीय सेवा सहज रुपमा प्राप्त गर्न सहयोग गर्नेछ।

१६९. नेपालको संविधान, नेपाल सरकार, प्रदेश सरकार तथा छत्रेश्वरी गाउँपालिकाको प्रथम आवधिक पञ्चबर्षीय योजना आव २०८३।८४ संघ र कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट, मध्यमकालीन खर्च संरचनाको सोच, लक्ष्य, उद्देश्य हासिल गर्न यस नीति तथा कार्यक्रमको कार्यन्वयनमा सबै तहका सरकारहरु, विकास साझेदार संघसस्थाहरु तथा आम गाउँपालिकाबासीहरुको सदैव सहयोग र साथ प्राप्त हुनेमा विश्वास गर्दछु। **नेपालको संविधानको धारा २२५ बमोजिम** हामी निर्वाचित जनप्रतिनिधिहरुका लागि यो सम्मानीत सभामा प्रस्तुत गर्ने अन्तिम नीति तथा कार्यक्रम भएकोले आगामी निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरुका लागि समेत यी नीति तथा कार्यक्रमहरु मार्गदर्शक सिद्धान्तका रुपमा रहने विश्वास मैले लिएको छु।

१७०. हाम्रो सामू विद्यमान रहेका असंख्य चुनौतीका चाङहरुलाई वैज्ञानिक, जनमूखी र उत्तरदायीपूर्ण योजना तथा कार्यक्रमहरुमार्फत अवसरमा रुपान्तरण गर्ने अहंम जिम्मेवारी छ। ब्यबस्थापकीय, कार्यपालिकीय र न्यायिक

अधिकारको पूर्ण प्रयोग गर्दै **म बनाउँछु मेरो छत्रेश्वरी अभियानमा** सदैव लाग्ने प्रतिबद्धता यस सम्मानित गाउँसभामा राख्न चाहन्छु। नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने सल्यानबाट प्रतिनिधित्व गर्ने संघीय तथा प्रदेश सभाका सदस्यज्युहरु, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू र कर्मचारीहरु, कार्यपालिका सदस्य ज्युहरु, विषयगत शाखाका कर्मचारीहरु,समितिका पदाधिकारी ज्यूहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, समाजसेवी लगायत सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन व्यक्त गर्दछु।

**धन्यवाद!!!**

# स्थानीय सरकार

# छत्रेश्वरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

# भोटेचौर सल्यान


**बेवः** https://chhatreshworimun.gov.np

इमेलः chhatreshworimun@gmail.com,

ito.chhatreshworimun@gmail.com